राजधानी दैनिक, २०७२/११/२६

# पश्चिम सेतीको समस्या , समाधानका लागि समिति

सरकारले चिनियाँ कम्पनी चाइना थ्री गर्जेज कर्पोरेसन इन्टरनेसनलले बनाउने तय भएको पश्चिम सेती जलविद्युत् आयोजनाको समस्या समाधान गर्न प्राविधिक समिति गठन गरेको छ ।

शुक्रबार बसेको लगानी बोर्डको २९औं बैठकले आयोजना अघि बढाउन नेपाल विद्युत् प्राधिकरण र थ्री गर्जेजबीच संयुक्त उपक्रम सम्झौता ज्वाइन्ट भेन्चर एग्रिमेन्ट(जेभीए) भएको चार महिना बितिसक्दा पनि काम नभएपछि प्राविधिक समिति बनाइएको हो ।

गत २९ मंसिरमा दुई पक्षबीच ७५० मेगावाट क्षमताको आयोजना अघि बढाउने सम्झौता भएको थियो । सोही सम्झौताअनुसार आयोजनाको काम अघि बढ्न नसकेपछि बोर्डले अहिले व्यापक चासो दिएको हो ।

प्राविधिक समितिको नेतृत्व प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत भौतिक पूर्वाधार हेर्ने सचिवले गर्नेछन् । यस्तै, समितिमा लगानी बोर्ड, अर्थ मन्त्रालय, ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणका प्रतिनिधि रहनेछन् ।

बोर्डले भारतीय कम्पनी सतलज जलविद्युत् विकास निगमले अघि बढाउन लागेको अरुण तेस्रो जलविद्युत् आयोजनाको उत्पादन अनुमतिपत्र प्रदान गर्न ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय पनि दिएको छ । 'सार्वजनिक सूचना प्रकाशन र त्यसबारे आवश्यक अनुसन्धानपछि उत्पादन अनुमतिपत्र दिइनेछ,' बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीले भने ।

यस्तै, बोर्ड बैठकले विदेशी लगानीकर्ताले तत्काल लगानी गर्न सक्ने गरी १० वटा आयोजनाको सम्भाव्यता गर्ने जिम्मेवारी बोर्डलाई दिएको छ । यसअनुसार बोर्डले कृषि, वित्त, शिक्षा, ऊर्जा तथा स्वास्थ्य क्षेत्रका एक÷एक आयोजनाको सम्भाव्यता गर्नेछ । यसैगरी, सूचना प्रविधि, उत्पादन, खनिज, पर्यटन र यातायात क्षेत्रसँग सम्बन्धित आयोजनाको सम्भाव्यता अध्ययन सक्ने तयारी गरिएको बोर्डले जनाएको छ ।

शुक्रबार बसेको बोर्ड बैठकले ५ सय मेगावाटभन्दा धेरै क्षमताका जलविद्युत् आयोजनाको स्क्रिनिङ प्रोफाइल तयार गर्न पनि बोर्ड कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ । देशभरका ठूला जलविद्युत् आयोजनाको प्रोफाइल बोर्डले तयार गर्नेछ । लगानी बोर्डको बैठकले करिब १५ अर्ब रुपैयाँ लगानी गर्न लागेको चीनको हुवासिन सिमेन्टसँग लगानी सम्झौता गर्ने अधिकार बोर्डलाई दिने निर्णय पनि गरेको छ । कैलालीमा स्थापना हुन लागेको यो कम्पनीले नेपालको नारायणी सिमेन्टसँग मिलेर संयुक्त रूपमा लगानी गर्ने तयारी गरेको छ । हुवासिन सिमेन्ट र लगानी बोर्डबीच तीन महिनाअघि प्रारम्भिक समझदारी भएको थियो । त्यसलाई अघि बढाउन र आयोजना विकास सम्झौता गर्ने जिम्मेवारी बोर्डलाई दिने निर्णय भएको हो ।

बाम गठबन्धनको तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनेपछि पहिलोपटक लगानी बोर्डको बैठक बसेको हो । सो बैठकले नेपालमा लगानी गर्ने लगानीकर्ताको खर्च

व्यवस्थानसम्बन्धी निर्र्देिशका पनि स्वीकृत गरेको छ । लगानी बोर्डका अध्यक्ष एवं प्रधानमन्त्री ओलीले सो बैठकमा सम्पूर्ण सदस्य उपस्थित हुनुपर्ने बताएका थिए ।

निजी क्षेत्रबाट लगानी बोर्डमा चार जनाको प्रतिनिधित्व रहेको भए पनि शुक्रबारको बैठकमा नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा मात्रै उपस्थित थिइन् । नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्मा उपत्यका बाहिर भएका कारण बैठकमा सहभागी भएका थिएनन् ।

यसैगरी, सो बैठकमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठ मुलुकबाहिर भएका कारण सहभागी भएका थिएनन् । अर्का सदस्य बालकृष्ण शिवाकोटी पनि उपस्थित थिएनन् । 'सबै सदस्यहरू बैठकमा उपस्थित हुनुपर्छ, गम्भीर विषयमा छलफल हुने भएकाले सबैको बराबरी जिम्मेवारी आवश्यक हुनुपर्छ,' सो बैठकमा सहभागी एक सदस्यले बताए ।

नयाँ पत्रिका, २०७२/११/२६

# कुलमान घिसिङले भने–देशले लोडसेडिङ तालिका अब कहिल्यै पाउदैन

*लक्ष्मी काफ्ले*

कनकाई नगरपालिका नेपालकै पहिलो विद्युत चुहावटमुक्त नगरपालिकाका रुपमा घोषणा गरिएको छ । नेपाल विद्युत प्राधिकरणका कार्याकारी निर्देशक कुलमान घिसिङले शनिवार कन्काई नगरपालिकालाई देशकै पहिलो विद्युत चुहावटमुक्त नगरपालिका घोषणा गरेका हुन् ।

घोषणासँगै घिसिङले देशले अब कहिल्यै लोडसेडिङको तालिका नपाउने र केही महिनादेखि विद्युत प्राधिकरणले जनतालाई बढी विद्युत खपत गर्नका लागि सार्वजनिक सूचना जारी गर्ने दाबी गरे । लोडसेडिङभन्दा पनि अबका दिनममा उत्पादन भएको बिजुली कसरी खपत गर्ने भन्नेतिर सोच्ने बेला आएको घिसिङले बताए ।

केही महिनापछि नै पूर्वको कावेली करिडोरको १०० मेघावाट बिजुली उत्पादन भएर आउने तयारीमा रहेको बताउँदै घिसिङले उक्त बिजुली पूर्वाञ्चल क्षेत्रमै खपत हुने भएकाले विजुलीको उत्पादन प्रशारण लाइनमा जोड्नसाथ पूर्व क्षेत्रलाई हालको मागअनुसार सम्पुर्ण रुपमा विजुली पुग्ने बताए । अवको डेढ वर्षभित्र नेपाल विद्युत प्राधिकरणले सम्पुर्ण विद्युत आयात गर्न छाडेर आफैं आत्मनिर्भर हुनेगरी प्राधिकरण र सरकार मिलेर काम गरिरहेको समेत जानकारी दिए ।

कार्यक्रममा कन्काई नगरपालिकाका मेयर राजेन्द्रकुमार पोखरेलले कन्काई नगर देशकै पहिलो बन्द निषेधि क्षेत्र भएको स्मरण गर्दै यसअघि नै नगरलाई पुर्ण खोपयुक्त र खुल्ला दिसामुक्त नगरका रुपमा घोषणा गरिसकेको जानकारी गराए । ११ हजार घरधुरीमध्ये अझैपनि २० प्रतिशत जनसङ्ख्याले विजुली बाल्नबाट बन्चित हुनुपरेको मेयर पोखरेलले जानकारी दिए ।

नयाँ पत्रिका, २०७२/११/२६

# अरुण तेस्रोलाई वैशाखमा विद्युत् उत्पादन अनुपतिपत्र दिइने

*उमेश पौडेल*

**आयोजनालाई उत्पादन अनुमतिपत्र दिन ३५ दिने सार्वजनिक सूचना**

लगानी बोर्डले ९ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनालाई वैशाखमा जलविद्युत् उत्पादन (जेनेरेसन) लाइसेन्स दिने भएको छ ।

शुक्रबार प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको २९औँ बैठकले आयोजनालाई उत्पादन अनुमतिपत्र दिनका लागि ३५ दिने सार्वजनिक सूचना जारी गर्ने सूचना स्वीकृत गर्दै आवश्यक प्रक्रिया पूरा गरी अनुमतिपत्र प्रदान गर्न बोर्डलाई निर्देशन दिएको हो । भारतीय लगानी रहेको सो आयोजना निर्माणको चरणमा गइसकेको छ ।

एसजेभिएन अरुण तेस्रो पावर डेभलपमेन्ट कम्पनीले निर्माण गरिरहेको अर्ध जलाशययुक्त (पिकिङ रन अफ रिभर) हो । यो आयोजनालाई भारतको एसजेभिएन लिमिटेड इन्डियाले प्रवद्र्धन गरेको हो ।

निर्माण, सञ्चालन तथा हस्तान्तरण (बुट) मोडेलमा निर्माण हुने सो आयोजना निर्माणपश्चात् २५ वर्षपछि नेपाललाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । आयोजनामार्फत नेपालले झन्डै २२ प्रतिशत बिजुली सित्तैमा पाउनेछ । जुन करिब २ सय मेगावाट हुन आउँछ ।

त्यस्तै, बैठकले ५ सय मेगावाटभन्दा माथिका जलविद्युत् आयोजनाहरू लगानी बोर्डको कार्यक्षेत्रभित्र पर्ने भएकाले पहिचान तथा सरकारी बास्केटमा नआएका आयोजनाहरूलाई स्क्रिनिङ गरी सम्पूर्ण विवरण तयार गर्न बोर्ड कार्यालयलाई निर्देशन दिएको छ ।

बोर्डले सहजीकरण गरिरहेका जलविद्युत् तथा पूर्वाधार निर्माणका आयोजनाहरूका सम्बन्धमा प्रवद्र्धकलाई सहज र सरल हुने किसिमले सहयोग गर्ने जनाएको छ ।

त्यस्तै बोर्डले सम्भाव्यता अध्ययन गर्न तयार गरेको आयोजनाहरूको नेपाल सरकारलगायत विदेशी दाताहरूको सहयोगमा अध्ययन गर्न–गराउनसमेत निर्देशन दिएको बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीले बताए ।

बैठकमा प्रधानमन्त्री ओलीले देशको आर्थिक विकासलाई द्रुत गतिमा अगाडि बढाउन सम्बन्धित सबै निकायहरूले ढिलासुस्ती नगरी समयमा काम सम्पन्न गर्न निर्देशन दिएका छन् ।

बोर्डले उद्योग, उत्पादन, सेवा, यातायात, जलविद्युत्, सौर्य ऊर्जाको विकासका लागि १० वटा परियोजनाहरूको अध्ययन गर्ने प्रस्ताव पनि स्वीकृत गरेको छ ।

बोर्डको प्रोजेक्ट बैंकलाई अघि बढाउने अवधारणाअन्तर्गत परियोजनाहरूको अध्ययन गर्ने प्रस्तावलाई बैठकले स्वीकृत गरेको उनले बताए ।

त्यस्तै बोर्डले चीनको हुवासिन सिमेन्टसँग लगानी सम्झौता गर्ने जिम्मेवारी सरकारलाई दिएको छ । लगानी बोर्डको नियमअनुसार २ वर्षभित्र हुवासिनसँग सिमेन्ट उत्पादन गर्न सम्झौता गरिसक्नुपर्ने भए

पनि खानी प्राप्त नभएका कारण २ वर्ष नाघेकाले यस्ता प्राविधिक समस्याको समाधान गर्न मन्त्रिपरिषद्मा पठाउने निर्णय गरेको छ ।

हाल कम्पनीले खानी प्राप्त गरिसकेको छ भने मन्त्रिपरिषद्ले निर्णय गर्नेबित्तिकै हुवासिनले काम थालनी गर्ने बताइसकेको छ ।

**पश्चिम सेतीका लागि अध्ययन टोली गठन**

बोर्डले पश्चिमसेती जलविद्युत् आयोजना निर्माणमा देखिएको प्राविधिक समस्या समाधान गर्न प्राविधिक अध्ययन टोली गठन गर्ने निर्णय गरेको छ ।

प्राविधिक समितिमा लगानी बोर्ड, अर्थ मन्त्रालय, ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणका प्रतिनिधिहरू सहभागी रहेका छन् ।

पश्चिमसेती निर्माणका लागि चिनियाँ कम्पनी थ्री गर्जेजले विद्युत् खरिदको ट्यारिफ रेटमा विभिन्न सर्त राख्न थालेपछि त्यसको निराकरणका लागि प्राविधिक समिति गठन गरेको हो ।

सो आयोजनामा देखिएको समस्याबारे अध्ययन गर्न गठन गरिएको टोलीलाई एक महिनाभित्र आफ्नो सुझाबसहितको प्रतिवेदन पेस गर्ने निर्देशन दिइएको अधिकारीले बताए ।

नेपाल समाचारपत्र, २०७२/११/२६

# पश्चिम सेतीको विवाद टुंग्याउन समिति

पश्चिम सेती जलविद्युत् आयोजनाको समस्या समाधान गर्न लगानी बोर्डले प्राविधिक समिति गठन गरेको छ। बोर्डको शुक्रबार बसेको २९औं बैठकले उक्त समिति गठन गरेको हो।

नेपाल विद्युत प्राधिकरण र चिनियाँ कम्पनी थ्री गर्जेजबीच ७ सय ५० मेगावाट क्षमताको सो आयोजना निर्माण गर्ने विषयमा सम्झौता भए पनि काम अगाडि बढ्नुको साटो विवाद बढेपछि आयोजनाको काम अगाडि बढाउन उक्त समिति बनाइएको हो। समितिको नेतृत्व प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत भौतिक पूर्वाधार हेर्ने सचिवले गर्नेछन्।

यस्तै समितिमा लगानी बोर्ड, अर्थ मन्त्रालय, ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि रहनेछन्। कुल १ खर्ब ६० अर्ब लगानी हुने उक्त आयोजनामा एक खर्ब रुपियाँ चिनियाँ लगानी हुनेछ भने बाँकी प्राधिकरण र स्थानीयबासीले लगानी गर्नेछन्।पछिल्लोपटक चिनियाँ कम्पनीले उक्त आयोजना व्यावसायिकरूपमा सबल नभएको दाबी गर्दै विद्युत् खरिद सम्झौतामा पुनरालोकन गर्न दबाब दिँदै आएको छ। समितिले यस विषयमा पनि अध्ययन गर्ने बताइएको छ।

त्यस्तै बोर्डले अरूण तेस्रो जलविद्युत् आयोजनाको उत्पादन अनुमति पत्र प्रदान गर्न ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय पनि गरेको छ। भारतीय कम्पनी सतलज जलविद्युत् विकास निगमले अघि बढाउन लागेको उक्त सोही कम्पनीलाई अनुमति दिने कि नयाँ कम्पनी खोजी भएको हो त्यो खुल्न सकेको छैन।

बोर्डले विदेशी लगानीकर्ताले तत्काल लगानी गर्न सक्ने १० वटा आयोजनाको सम्भाव्यता गर्ने भएको छ। जसअन्तर्गत बोर्डले कृषि, वित्त, शिक्षा, ऊर्जा तथा स्वास्थ्य क्षेत्रका आयोजनाको सम्भाव्यता गर्नेछ। शुक्रबार बसेको लगानी बोर्डको बैठकले उद्योग, उत्पादन, सेवा, यातायात, जलविद्युत्, सौर्य ऊर्जाको विकासका लागि ८ वटा परियोजना अध्ययन गर्ने प्रस्ताव पनि स्वीकृत गरेको छ।

कान्तिपुर, २०७२/११/२६

# जलाशययुक्त आयोजना प्राथमिकतामा

माग र आपूर्तिबीच सन्तुलन मिलाउन जलाशययुक्त आयोजना आवश्यक : प्राधिकरण

नेपाल विद्युत् प्राधिकण आफूले अब पानीको बहावका आधारमा बिजुली निस्कने (आरओआर) आयोजनामा लगानी नगर्ने भएको छ । मुलुकको दीर्घकालीन माग र आपूर्तिको आधारमा विद्युत् उत्पादन, प्रसारण र वितरणको जिम्मा पाएको प्राधिकरणले जलाशययुक्त आयोजनालाई प्राथमिकतामा राखेको हो । सुख्खायाममा पनि आवश्कताअनुरूप विद्युत् उत्पादन गर्न सकिने भएकाले यस्ता आयोजनामा ध्यान केन्द्रित गर्ने प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले जानकारी दिए । अहिले ९२ मेगावाटको कुलेखानी मात्रै जलाशययुक्त आयोजना हो ।

जलाशययुक्त आयोजनाका लागि १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना, ३ सय मेगावाटको उत्तरगंगा, ७ सय ६२ मेगावाटको तमोर जलाशययुक्त आयोजनामा विभिन्न चरणको काम भइरहेको छ । साथै ४१० मेगावाटको नलसिंहगाड आयोजना, ११ सय १० मेगावाटको सुनकोसी २, ५३६ मेगााट विद्युत् उत्पादन हुने सुनकोसी ३ पनि प्राधिकरणको प्राथमिकता सूचीमा छन् ।

यीमध्ये तनहुँ जलविद्युत् आयोजना निर्माण सुरु हुने चरणमा छ । उत्तरगंगा र तमोर आयोजना सर्वेक्षणको क्रममा छन् । दूधकोसी, नलसिंहगाड, सुनकोसी २, सुनकोसी ३ डीपीआर तयार हुने क्रममा छन् ।

डीपीआर तयार भइसकेका दुई जलाशययुक्त आयोजना बूढीगण्डकी र पश्चिम सेती भने निर्माणको चरणमा प्रवेश गर्न सकेका छैनन् । ७५० मेगावाटको पश्चिम सेती निर्माणका लागि चिनियाँ कम्पनी थ्री गर्जेजसँग सहमति भइसके पनि उसले विद्युत् खरिद दर बढाउनुपर्ने माग गर्दै निर्माणमा ढिलाइ गर्दै आएको छ । थ्री गर्जेजका प्रतिनिधि यही विषयमा छलफल गरी फर्किएका छन् । पश्चिम सेती आयोजना निर्माणबारे लगानी बोर्ड सञ्चालक समितिको आगामी बैठकले निर्णय गर्नेछ ।

पुष्पकमल दाहाल नेतृत्वको सरकारले बूढीगण्डकी बनाउने जिम्मा बिनाप्रतिस्पर्धा चिनियाँ कम्पनी गेजुवालाई दिने निर्णय गरेको थियो । १२ सय मेगावाटको आयोजना निर्माणका लागि चिनियाँ कम्पनी गेजुवालाई दिइएको लाइसेन्स खारेज गर्दै शेरदबहादुर देउवा नेतृत्वको सरकारले स्वदेशी लगानी र प्रविधिमा बनाउने निर्णय गरेको थियो ।

पछिल्लोपटक सरकारले बूढीगण्डकी स्वदेशी लगानीमा बनाउने खाका तयार पार्न योजना आयोगका तत्कालीन अध्यक्ष स्वर्णिम वाग्लेको संयोजकत्वमा समिति गठन गरेको थियो । उक्त समितिले सरकारलाई प्रतिवेदन बुझाइसकेको छ । अब उक्त आयोजना के हुने भन्ने अन्योल कायमै छ । उक्त

प्रतिवेदनमा पनि सुक्खायाममा रन अफ रिभर आयोजनाका उत्पादन घट्न गई माग र आपूर्तिबीच असन्तुलन देखिने भएकाले जलाशययुक्त आयोजनाको आवश्यकता औंल्याइएको छ ।

'जलाशययुक्त आयोजना निर्माण नहुँदा आवश्यकता पूर्ति गर्न भारतबाट विद्युत् आयात गरिरहनुपर्ने हुन्छ,' प्रतिवेदनमा भनिएको छ, 'विद्युत् प्रणालीको स्थिरताका दृष्टिकोणले पनि जलाशययुक्त आयोजना आवश्यक छ ।' जलाशययुक्त आयोजनाका लागि नेपालको भूबनोट सुहाउँदोसमेत भएको प्रतिवेदनमा जनाइएको छ ।

जलाशययुक्त आयोजनाबाट मागअनुसार तत्काल विद्युत् उत्पादन गर्न सकिने भएकाले पनि यसको महत्त्व बढी हुन्छ । नेपाललाई विशेषत: सुक्खायाममा विद्युत् अपुग हुने गर्छ ।

यो वर्ष सुक्खायाममा विद्युतको उच्चतम माग १३ सय ८० मेगावाट छ । देशभित्रको आपूर्तिको हकमा भने प्राधिकरण र निजी क्षेत्रले उत्पादन गर्ने विद्युत् ५ सय ८० मेगावाट मात्रै छ । भारतबाट ४ सय ७० मेगावाटसम्म विद्युत् आयात हुँदै आएको छ ।जलाशयुक्त आयोजनाले सुक्खायाममा हुने विद्युत् माग र आपूर्तिबीचको असन्तुलन हटाउन सहयोग गर्ने प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङ बताउँछन् । ६० मेगावाटको कुलेखानी प्रथम र ३२ मेगावाटको कुलेखानी दोस्रो मात्रै अहिले सञ्चालनमा रहेका जलविद्युत् आयोजना हुन् ।

अभियान, २०७२/११/२५

## काबेली करिडोर चाँडो सम्पन्न गर्न घिसिङको निर्देशन, फेरी म्याद नथप्ने

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले काबेली करिडोरको निर्माण चाँडो सम्पन्न गर्न निर्देशन दिएका छन् ।

आयोजनाको स्थलगत अवलोकलको क्रममा पाँचथर आइपुगेका निर्देशक घिसिङले काबेली करिडोरको निर्माणमा भैरहेको ढिलाइप्रति चिन्ता व्यक्त गरे । काबेली करिडोर तथा जिल्लामा अन्य निर्माणधिन विद्युत आयोजनाको अवलोकन गर्दै घिसिङले निर्माण कम्पनीले निर्धारित समयमा काम नसके तेस्रो पटक म्याद नथप्ने चेतावनी दिएका छन् ।

काबेली करिडोर निर्माणको म्याद यो भन्दा अगाडी २ पटक थपिसकिएको छ । काबेली कोरिडोर आयोजना निर्माणमा ढिलाइका कारण ताप्लेजुङको शिवानी हाइड्रोबाट उत्पादित पाँच मेगावाट र पाँचथरकै हेँवाखोलाबाट उत्पादित १४ दशमलव ९ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिन सकेको छैन । अझै करिडोरको काममा ढिलाई भए हेँवा 'बी', काबेली 'ए' र काबेली 'बी'बाट उत्पादन हुने ८६ मेगावाट विद्युत पनि खेर जाने भएकाले बैशाख भित्रै काम सक्न आयोजनाको ध्यानाकर्षण गराइएको घिसिङको भनाइ छ ।

९० किलोमिटर प्रसारणलाईन विस्तारका लागि २ सय ५९ ओटा टावर राख्नुपर्नेमा सिद्धिथुम्काका बासिन्दाको अवरोधका कारण १२ ओटा टावर अझै निर्माण हुन सकेका छैनन् । यद्यपी आयोजनाको ७५ प्रतिशत काम भने पुरा भएको आयोजना प्रमूख दिपेन्द्रराज द्वीवेदि बताउछन् ।

अभियान, २०७२/११/२७

# कालीगण्डकी करिडोर प्रभावितलाई आठ करोड मुआब्जा

राष्ट्रिय महत्वको कालीगण्डकी करिडोर प्रसारण लाइनका प्रभावितलाई रू. आठ करोड मुआब्जा वितरण गरिने भएको छ ।

बहुचर्चित २२० केभीए दाना–खुर्कोट–बर्दघाट कालीगण्डकी करिडोर प्रसारण लाइनअन्तर्गत म्याग्दी र पर्वत क्षेत्रका एकसय प्रभावित घरधुरीलाई रू. आठ करोड मुआब्जा वितरण गर्न लागिएको आयोजनाका लेखा प्रमुख गोविन्द सुवेदीले जानकारी दिए ।

मालपोत र नापी कार्यालयको सिफारिश, चलनचल्तीको दररेट र स्थानीयबासीको मागलाई ध्यानमा राखेर म्याग्दीमा रू. चार करोड १७ लाख र पर्वतमा रू. तीन करोड ९७ लाख मुआब्जा वितरण गरिने आयोजनाका लेखा प्रमुख सुवेदीले बताए ।

सुवेदीका अनुसार म्याग्दीमा जग्गाको मूल्याङ्कन उच्च रहेका कारण अधिग्रहण गर्नुपर्ने जग्गा कम भए पनि बढी मुआब्जा रकम वितरण हुनेछ । 'म्याग्दीमा ४० रोपनी र पर्वतमा ५५ रोपनी जग्गा अधिग्रहण हुने भए पनि म्याग्दीको दररेट बढी भएकाले यहाँ बढी वितरण हुन्छ', उनले भने । जिल्ला प्रशासन कार्यालयमार्फत मुआब्जा वितरण व्यवस्था मिलाइएको आयोजनाले बताएको छ । म्याग्दी, पर्वत, मुस्ताङ क्षेत्रमा निर्माण चरणमा रहेका जलविद्युत् आयोजनालाई ध्यानमा राख्दै प्रसारण लाइन निर्माण गर्न लागिएको हो ।

प्रसारण लाइनका लागि म्याग्दीको दाना र पर्वतको खुर्कोटमा सबस्टेसन निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । खुर्कोटदेखि बर्दघाटसम्म सरकारले दोस्रो चरणमा निर्माण गर्न प्राथमिकतामा राखेको छ । ४२ किलोमिटरको दाना–खुर्कोट प्रसारण लाइनलाई म्याग्दीको अन्नपूर्ण, रघुगङ्गा र पर्वतको जलजजा गाउँपालिकाका विभिन्न वडामा ११४ ठूला टावर निर्माण हुनेछन् । ती टावर रहने जग्गाको मुआब्जा वितरण गर्न लागिएको हो ।

आयोजनाका लेखा प्रमुख सुवेदीका अनुसार म्याग्दीमा प्रतिरोपनी रू. १३ लाख र पर्वतमा १० लाखका दरले मुआब्जा वितरण हुनेछ । एशियाली विकास बैङ्क (एडीबी)को आर्थिक सहयोगमा विद्युत् प्राधिकरणले निर्माण गरिरहेको प्रसारण लाइनका अतिरिक्त सबस्टेसन निर्माण कार्य ५० प्रतिशत पूरा भएको छ । रू. दुई अर्ब ९० करोड लगानीमा निर्माण हुने सबस्टेसन र प्रसारण लाइनका लागि टाटा प्रोजेक्ट एण्ड चिन्ट इलेक्ट्रिक जेभीले ठेक्का लिएको छ ।

रासस

कारोबार, २०७२/११/२७

# तल्लो हेवाको निर्माण अन्तिम चरणमा

२०७१ साल कार्तिकदेखि सुरु भएको तल्लो हेवा जलविद्युत् आयोजनाबाट जेठदेखि विद्युत् उत्पादन हुने भएको छ । यसका लागि तीव गतिमा काम भइरहेको आयोजना प्रमुख गणेश सुब्बाले जानकारी दिएका छन् ।

२२ दशमलव २ मेगावट क्षमताको तल्लो हेवा जलविद्युत् आयोजनाको काम अन्तिम चरणमा पुगेको निर्माण पक्षले जानकारी दिएको छ ।

माउन्टेन हाइड्रो लिमिटेडले प्रवद्र्धन गरेको आयोजनाबाट सर्वसाधारणका लागि सेयर खुल्ला गर्ने तयारीसमेत सुरु भएको निर्माण पक्षले जानकारी दिएको छ । अहिलेसम्म ५ दशमलव ४ किलोमिटरको सुरुङ खन्ने काम सकिएको छ । हेवा खोलाको ज्यामेरीबेसीबाट १ दशमलव ३ किलोमिटरको सुरुङ फेमेखोलाको ओडारेमा आइपुगेको छ ।

सदरमुकाम फिदिम नगरपालिका यसको मुख्य निर्माण स्थल रहेको छ । साविकको भारपा गाविस पनि प्रभावित क्षेत्रमा पर्छ । हेवा र फेमे खोलाको पानी प्रयोग गर्ने गरी निर्माण अघि सारिएको उक्त आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । आयोजनाको सुरु खनिसकिएको छ । सुरुङको फिनिसिङको काम बाँकी छ । सुरुङमा केही सिभिलका काम र फिनिसिङका काम बाँकी रहेको सुब्बाले जानकारी दिए । टर्बाइन तीन महिनामा जडान भइसक्ने जानकारी दिइएको छ । बाँकी रहेका सबै काम करिब पाँच महिनाभित्र सक्ने लक्ष्य रहेको सुब्बाले जानकारी दिए । फिनिसिङका काम भएकाले ५ प्रतिशत काम सक्न पाँच महिना खर्चनु पर्ने अवस्था रहेको उनले बताए ।

सुरुमा यो आयोजनाको क्षमता २१ दशमलव ६ मेगावाट रहेको थियो । डिजाईन परिवर्तन हुँदा हेड बढेपछि क्षमता पनि बढेको छ । भौतिक तथा वित्तीय प्रगति ९५ पुगेको बताइएको छ । टर्बाइन तीन महिनाभित्र जडान गरिसक्ने बताइएको छ ।आवश्यक अधिकांश सामग्री आइपुगिसकेको सुब्बाले जानकारी दिए । नाकाबन्दी, भूकम्पले आयोजनाको काममा केही ढिलाइ हुँदा लागत समेत बढेको छ । स्थानीय अवरोधले पनि आयोजनाको काम प्रभावित भएको थियो । ३ अर्ब ६६ करोड रुपैंयामा सक्ने गरी अयाोजनाको काम अघि बढाइएको थियो । हाल आयोजनाको लागत बढेर ४ अर्ब पुग्ने बताइएको छ ।

जेठवाट विद्युत् उत्पादन हुने सुब्बाको भनाइ छ । यहाँ उत्पादित विद्युत् काबेली करिडोरमार्फत केन्द्रीय प्रसारणमा जोडिनेछ । थापाटारमा रहेको सबस्टेसनमार्फत यहाँ उत्पादित विद्युत् केन्द्रीय प्रशारण लाइनमा जडान हुनेछ । तर काबेली करिडोरको काम सुरु देखि नै सुस्त छ । यहाँ विद्युत् उत्पादन थाल्दा करिडोर सकिने प्रतिबद्धता रहेको सुब्बाले जानकारी दिए ।

- **दिपक बोहोरा**

कारोबार, २०७२/११/२७

## जलविद्युत्मा प्रदेश–१ उच्च, २ सवैभन्दा कमजोर

*भीम गौतम*

सरकारले गरेको अध्ययनले प्रदेश– १ जलविद्युत् उत्पादन क्षमतामा सवैभन्दा बलियो देखिएको छ । जल तथा ऊर्जा आयोग सचिवालयले गरेको अध्ययनमा नेपालको कुल जलविद्युत् उत्पादन क्षमता ८२ हजार ९ सय ८७ मेगावाट देखिएकोमा त्यसमध्ये प्रदेश–१ मा सबैभन्दा बढी देखिएको हो ।

५ हजार मिटरभन्दा साना र चुरे क्षेत्रमाथिका १३ नदी बेसिनमा क्यू–४० लाई आधार मानेर गरिएको अध्ययनको आधारमा सवैभन्दा बढी उत्पादन क्षमता प्रदेश–१ र सबैभन्दा कम प्रदेश–२ मा देखिएको छ । परामर्शदाता कम्पनी सिल्ड एण्ड सिम्याटले गरेको कुल जलविद्युत् क्षमता र बेसिनस्तरको क्षमतालाई आधार मानेर प्रदेशस्तरमा तथ्यांक निकाल्दा यस्तो देखिएको हो । "आयोगको कार्यादेशअनुसार नदी बेसिनको आधारमा क्यू–४० मा कुल विद्युत् उत्पादन क्षमताको अध्ययन सकिएको छ, यसको प्रतिवेदन बुझाउन बाँकी छ," परामर्शदाता कम्पनीमा टोली प्रमुख केपी दुलालले भने ।

अध्ययनअनुसार प्रदेश–१ को क्षमता २२ हजार ८ सय २० मेगावाट देखिएको छ । सो प्रदेशमा मेची नदीबाट ३५ मेगावाट, कन्काईबाट २ सय ६९ मेगावाट, कोशीबाट २२ हजार ५ सय ४ र कमला नदीबाट ११ मेगावाट उत्पादन हुने अध्ययनले देखाएको छ ।

प्रदेश–२ मा भने सवैभन्दा कम विद्युत् उत्पादन हुने अध्ययनले देखाएको छ । सो प्रदेशको ३ सय ४१ मेगावाट उत्पादन क्षमता छ । अध्ययनअनुसार वागमतीबाट ३३ मेगावाट, कमलाबाट २ सय २९, कोशीबाट ७ र वकैया नदीबाट ७२ मेगावाट उत्पादन क्षमता देखिएको छ ।

राजधानीसमेत रहेको प्रदेश–३ मा १२ हजार १ सय २७ विद्युत् उत्पादन क्षमता रहेको अध्ययनले देखाएको छ । तथ्यांकअनुसार कोसीबाट ६ हजार ३ सय ६८ मेगावाट, बकैयाबाट २२ मेगावाट, कमलाबाट १५ मेगावाट, बागमतीबाट ५ सय ५५ मेगावाट र गण्डकीबाट ५ हजार १ सय ६६ मेगावाट उत्पादन क्षमता देखिएको छ । त्यसैगरी १६ हजार ५ सय ७८ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको प्रदेश–४ मा गण्डकीबाट १६ हजार ५ सय ४७ र कर्णालीबाट ३१ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको अध्ययनले देखाएको छ ।

अध्ययनअनुसार प्रदेश–५ मा भने ३ हजार ६ सय ३८ मेगावाट उत्पादन क्षमता छ । तिनाऊबाट १ सय ३३ मेगावाट, राप्तीबाट ८ सय ७७ मेगावाट, गण्डकीबाट २ हजार ४ सय २१, बबइबाट ५७ मेगावाट र कर्णाली नदीबाट १ सय ४९ मेगावाट उत्पादन क्षमता रहेको अध्ययनले देखाएको छ ।

१७ हजार ७ सय ९९ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको प्रदेश–६ मा बबईबाट १ सय ४९ मेगावाट र कर्णालीबाट १७ हजार ६ सय ६१ मेगावाट तथा ९ हजार ६ सय ८५ मेगावाट क्षमता रहेको प्रदेश–७ मा कर्णाली ७ हजार ५ सय ६५ मेगावाट र महाकाली २ हजार १ सय २० मेगावाट क्षमता रहेको अध्ययनले देखाएको छ ।

पानीले ओगटेको जग्गाको आधारमा र क्यू–४० अनुसार विद्युत् उत्पादन क्षमता तयार पारेकोले यसलाई

घटाएर क्यू १५-२० मा डेढ लाख मेगावाटभन्दा बढी क्षमता देखिने विज्ञहरूले बताउँदै आएका छन् । परामर्शदाता कम्पनीका प्रतिनिधिहरूले भने ऊर्जा आयोगको कार्यादेशकै आधारमा अध्ययन गरिएको बताएका छन् । निजी क्षेत्रका प्रवद्र्धकहरूले भने विश्वमा क्यू–४० भन्दा क्यू १०-१५ मा डिजाइन गर्न थालेकोले यसलाई घटाउनुपर्ने माग गर्दै आएका छन् ।

नेपाल समाचारपत्र, २०७२/११/२७

## काबेली करिडोर निर्माणमा स्थानीयको अवरोध हट्यो

काबेली करिडोर १ सय ३२ केभी प्रसारणलाइन आयोजना सर्वेका लागि इलामको सिद्धिथुम्काबासी सहमत भएका छन्।

इलामको देउमाई नगरपालिका–७ सिद्धिथुम्काबासीले यसअघि काम अघि बढाउन अवरोध गरेका थिए। तर, प्रभावित क्षेत्रको मुआब्जा यकिन गरी त्यसको क्षतिपूर्ति उपलब्ध गराउने भएपछि प्रसारणलाइन निर्माणको काम शुरू गर्ने सहमति भएको हो।

नेपाल विद्युत् प्राधिकरण, काबेली करिडोर आयोजना, देउमाई नगरपालिका र स्थानीय बासिन्दाबीच शनिबार भएको छलफलमा प्रसारण लाइनबाट प्रभावित हुने जग्गा तथा घरधनी, रुख बिरुवा, घर टहरालगायतका संरचनाको यकिन गर्न तत्काल सर्वेको काम शुरू गर्ने सहमति जुटेको हो।

प्रसारणलाइनको बाटो (राइट अफ वे) मा पर्ने जग्गाको शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने, रुट परिवर्तन गर्नेलगायतका विषयमा माग राख्दै स्थानीयले प्रसारणलाइन निर्माणमा अवरोध गर्दै आएका थिए। स्थानीयको अवरोधका कारण सिद्धिथुम्कामा ११ वटा टावर निर्माण हुन सकेको छैनन्। उक्त प्रसारणलाइनको काम गर्न नसक्दा पाँचथर र ताप्लेजुङ जिल्लामा निजी क्षेत्रले निर्माण गरिरहेका एक सय मेगावाट उत्पादन क्षमताका आयोजनाहरूको विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोड्न नसकी खेर जाने अवस्था छ।

प्रसारणलाइन निर्माणमा अवरोध भएपछि समस्या समाधान गर्न प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारणलाइन निर्देशनालयका निमित्त बज्रभुषण चौधरी, निर्देशक रञ्जन चालिसे, विराटनगर क्षेत्रीय कार्यालयका प्रमुख सचिदानन्द यादवसहितको टोली आयोजनास्थल पुगेको थियो।

छलफलमा कार्यकारी निर्देशक घिसिङले स्थानीयबासीको जायज मागलाई सम्बोधन गर्न प्राधिकरण तयार रहेको उल्लेख गर्दै राष्ट्रिय महत्त्वको आयोजनाको काममा अवरोध नगर्न आग्रह गर्नुभयो। काम शुरू भएको लामो समयसम्म पनि प्रसारणलाइन निर्माण सम्पन्न नभएपछि स्थानीय रुपमै समस्या समाधान आफू त्यहाँ आएको भन्दै घिसिङले स्थानीयबाट काममा अवरोध भइरहेमा यस क्षेत्रमा निर्माण भइरहेका आयोजनाको विद्युत् खेर जाने बताउनुभयो। उहाँले भन्नुभयो– 'यस्तो दुर्भाग्यपूर्ण अवस्थामा आयोजना पुग्दा एकातर्फ प्राधिकरणले ऊर्जा उत्पादकलाई हर्जना तिर्नुपर्छ भने अर्कोतर्फ आफ्नो उत्पादन खेर फालेर लोडसेडिङ हुन नदिन भारतबाट थप विद्युत् आयात गर्नुपर्ने बाध्यात्मक स्थिति आउनेछ।'

काबेली करिडोर प्रसारणलाइन निर्माणको काम करिब १० वर्ष अघि शुरू गरिएको थियो। आयोजनाको निर्माण आगामी असारसम्ममा सक्ने लक्ष्य राखिएको छ। तर, ठेकेदार कम्पनीको कमजोर कार्यसम्पादन, प्रसारणलाइनको 'राइट अफ वे'मा स्थानीयको अवरोध, रुख कटान स्वीकृतिमा भएको ढिलाइलगायत कारणले आयोजनाको काममा ढिलाई हुँदै आएको छ।

घिसिङले प्रसारणलाइनको दायाँ बायाँ ९÷९ मिटर राइट अफ वेमा पर्ने जग्गाको स्थानीय बासिन्दाको मागअनुसार शतप्रतिशत क्षतिपूर्ति दिइने बताउनुभयो। 'विद्यमान कानुनअनुसार मूल्याङकित रकमको १० प्रतिशतभन्दा बढी क्षतिपूर्ति दिन सकिंँदैन। टावर रहने स्थानको जग्गाको शतप्रतिशत र राइट अफ वेको १० प्रतिशतमात्रै क्षतिपूर्ति दिने कानुनी व्यवस्था छ।'

अन्नपुर्ण पोष्ट, २०७२/११/२७

# काबेली करिडोरको काम सक्न निर्देशन

*भीमकुमार बाँस्कोटा*

दोस्रो पटक थपिएको समय पनि १३२ केभीए विद्युत् प्रशारण लाइन 'काबेली करिडोर'को काम सम्पन्न नहुने भएपछि नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले करिडोरको स्थलगत अनुगमन गरेका छन्।

झापाको दमकदेखि पाँचथरको अमरपुरसम्मको ९० किलोमिटर प्रशारण लाइन निर्माणको काममा समस्या आएपछि घिसिङले यस क्षेत्रको स्थलगत अनुगमन गरेका थिए।

करिडोर निर्माणका लागि दोस्रो पटक थपिएको म्याद वैशाख १० गते सकिँदैछ। सम्पन्न हुनुपर्ने समयमा आयोजनााको काम ७५ प्रतिशत मात्र भएको हो। निर्माण प्रक्रिया अघि बढेको एक दशक बितिसक्दा पनि काम नसकिएपछि समस्या पहिचानका लागि स्थलगत अनुगमनमा आउनु परेको घिसिङले बताए।

'निर्माण कम्पनीको व्यापक कमजोरी देखियो', घिसिङले भने, 'टावर राख्नुपर्ने ठाउँमा जग्गा अधिग्रहण, वन कटानी र हाम्रो टिमको आन्तरिक समस्याले काममा ढिलासुस्ती आएको पाइयो।' उनले जुनसुकै हालतमा भए पनि निर्धारित समयमा काम सम्पन्न गर्न आयोजना प्रमुख दिपेन्द्रराज द्विवेदीलाई सुझाव दिए। 'समस्यालाई यथास्थितिमा राख्ने हो भने कहिले पनि काम सम्पन्न हुँदैन', उनले भने।

पाँचथर, इलाम, तेह्रथुम र ताप्लेजुङमा उत्पादित विद्युत्लाई मुलुकको विद्युत् प्रणालीमा जोड्ने उद्देश्यले करिडोरको काम थालिएको थियो। करिडोरको सबस्टेसन निर्माणको काम यसअघि नै सकिएको छ। झापाको दमक, इलामको गोदक, पाँचथरस्थित फिदिमको थापाटार र अमरपुरको बुबिचौरमा सबस्टेसन निर्माण सम्पन्न भइसकेको हो। प्रशारण लाइन निर्माणका क्रममा समस्या आएपछि कामले अपेक्षित गति लिन नसकेको आयोजना प्रमुख दीपेन्द्रराज द्विवेदीले जानकारी दिए। 'अधिकांश टावर निर्माणको काम सकिएको छ', द्विवेदीले भने, 'टावर राख्नुपर्ने ठाउँमा स्थानीयले विवाद गरेपछि काम रोकिएको हो।'

प्रशारण लाइनका लागि दुई सय ६० वटा टावर राख्नुपर्ने हुन्छ। जसमध्ये दुई सय ३२ वटा टावर राखिसकिएको छ। २८ वटा राख्नुपर्ने टावरमध्ये १३ वटा टावर राख्नुपर्ने ठाउँमा विवाद उत्पन्न भएकाले समस्या आएको द्विवेदीको भनाइ छ। पाँचथरको जोरसाल खण्डमा १३ वटा, इलामको सिद्धिथुम्कामा ११ र चमैतामारमा पाँचवटा बाँकी रहेको हो। 'इलामको चमैता र सिद्धिथुम्काको विवादले काममा समस्या भएको हो', उनले भने, 'विवाद समाधान भए अबको तीन महिनाभित्र सबै काम सम्पन्न हुन्छ।'

सिद्धिथुम्कामा ११ र चमैतामा दुईवटा टावर राख्ने विषयमा विवाद छ। १३ वटा टावर राख्ने विषयको विवाद टुंगिए सबै काम सम्पन्न हुने बताइएको छ। इलामको विवाद समाधान गर्न इलाम प्रशासनले समेत चासो नदिएको आयोजना पक्षको आरोप छ।

प्रशारण लाइन निर्माणको जिम्मा जगुवर एन्ड एस्टर नामक दुईवटा भारतीय निर्माण कम्पनीले लिएका हुन्। निर्माण कम्पनीले समेत कामलाई प्राथमिकतामा नराखेकाले समस्या आएको द्विवेदी बताउँछन्।

२०६३ सालदेखि नै निर्माण प्रक्रिया अघि बढेको करिडोरको काम प्रारम्भिक चरणदेखि नै सुस्त छ। तीन अर्ब ५९ करोडको लागतमा करिडोर निर्माणको काम अघि बढेको हो।

कारोबार, २०७२/११/२७

# ५ सय मेगावाटमाथिका आयोजनाको पहिचान अब बोर्डबाटै

लगानी बोर्डले ५ सय मेगावाटभन्दा माथिका जलविद्युत् आयोजनाहरूको पहिचान गर्ने जिम्मेवारी पाएको छ । पाँच सय मेगावाटमाथिका आयोजनाबारे तत्कालीन ऊर्जा मन्त्रालय वा बोर्डबीच विवाद हुँदै आएकोमा शुक्रबार बसेको बैठकले बोर्डको कार्यक्षेत्रमा पर्ने भन्दै त्यसको पहिचान र स्क्रीनिङ गरी विवरण तयार गर्न बोर्ड कार्यालयलाई निर्देशन गर्ने निर्णय हो । ५ सय मेगावाटमाथिका केही आयोजनाको अनुमतिपत्र (लाइसेन्स) विद्युत् विकास विभागले दिएपछि लगानी बोर्डले आफ्नो कार्यक्षेत्रभित्र पर्ने भन्दै यसप्रति असन्तुष्ट जनाउँदै आएको थियो भने ऊर्जा मन्त्रालयले बोर्ड समन्वय र लगानी जुटाउने मात्र भएकोले आफ्नो कार्यक्षेत्र भएको दाबी गर्दै आएको थियो ।
प्रधानमन्त्री एवं बोर्ड अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बैठकले पाँच सय मेगावाटमाथिको आयोजनाको कार्यक्षेत्र पर्ने भएकोले त्यसको विवरण पेश गर्न निर्देश दिएको लगानी बोर्डका सहसचिव मधु भेटुवालले जानकारी दिए ।

बैठकले ९ सय मेगावाटको अरुण तेस्रोको प्रवद्र्धक सतलज कम्पनीलाई विद्युत् उत्पादन अनुमतिपत्र दिनका लागि जारी गर्न लागेको ३५ दिने सार्वजनिक सूचना स्वीकृत गर्दै आवश्यक प्रकृया पूरा गरी अनुमतिपत्र गर्न बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिने निर्णय गरेको छ ।

बैठकले सम्भाव्यता अध्ययन गर्न तयार गरेको आयोजनाहरूको सरकार लगायत विदेशी दाताहरूको सहयोगमा अध्ययन गर्न–गराउन बोर्ड कार्यालयलाई अख्तियारी दिएको छ । यसअघि लगानी बोर्डले १ सय २७ आयोजनाहरू पहिचान गरी परियोजना निर्माण गरेको थियो । त्योमध्ये केही आयोजनाहरू बोर्डले अध्ययन अघि बढाउन लागेको छ ।

यसैगरी, ७ सय ५० मेगावाटको पश्चिम सेती जलविद्युत् आयोजनाबारे अध्ययन गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका भौतिक पूर्वाधार हेर्ने सचिवको अध्यक्षतामा जलस्रोत तथा ऊर्जा मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, बोर्डको कार्यालय र पश्चिमसेती सरोकार मञ्चका प्रतिनिधिहरू सम्मिलित समिति गठन गरेको छ । समितिलाई एक महिनाभित्र बोर्ड समक्ष प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको सहसचिव भेटुवालले जानकारी दिए ।

संयुक्त लगानी सम्झौता (जेभीए) मै ढिलाइ भएको आयोजनामा विद्युत् खरिद सम्झौता (पीपीए) लगायतबारे विवादको कारण पश्चिमसेती अघि बढ्न सकेको छैन । २०६८ साल फागुनमा ऊर्जा मन्त्रालय र चिनियाँ कम्पनी चाइना थ्री गर्जेज कर्पोरेसन (सिटिजिसी)बीच भएको सम्झौता भएर ६ महिनाभित्र अध्ययन सकी एक बर्षभित्र जेभीए बनाउने उल्लेख भएकोमा गत कात्तिक अन्तिम सातामात्र जेभीए भएको थियो । तर, दुई देशबीचको संयुक्त कम्पनी अहिलेसम्म बनेको छैन । पीपीए लगायतमा असन्तुष्ट जनाएको चिनियाँ कम्पनी, बोर्ड र विद्युत् प्राधिकरणबीच छलफल भएको थियो । छलफलको क्रममा विद्युत् प्राधिकरणको १७ प्रतिशत बढी प्रतिफल नदिने लगायतबारे आफ्नो असन्तुष्ट रहेको उल्लेख गरेका थिए । छलफलमा चीनीयाँ कम्पनीले शतप्रतिशत डलरमा भुक्तानी गर्नुपर्ने उल्लेख गरेको थियो । २५ प्रतिशत प्राधिकरण लगानी भएपछि त्यो लगानी समेत चिनियाँ कम्पनीले व्यवस्थापन गर्ने भएकोले शत प्रतिशत डलरमा भुक्तानी हुनुपर्ने प्रस्ताव राखेका थिए । आयोजना अघि बढाउन केही समस्या देखिएपछि लगानी बोर्डले ती माग सम्बोधन गर्ने गरी समिति गठन गरेको हो ।

बैठकमा ओलीले आर्थिक विकासलाई द्रुत गतिमा अघि बढाउनका लागि सम्बन्धित सबै निकायले ढिला नगरी अघि बढ्नुपर्ने उल्लेख गरेका थिए ।

अभियान, २०७२/११/२७

# कावेली करिडोर प्रसारण लाइनमा स्थानीयको अवरोध हट्यो

कावेली करिडोरको १३२ केभी प्रसारण लाइन आयोजनाको सर्वे गर्न दिन स्थानीय सहमत भएका छन् । इलामको देउमाई नगरपालिका–७ सिद्धिथुम्काबासीको अवरोधका कारण प्रसारण लाइनको सर्वे रोकिएको थियो ।

नेपाल विद्युत प्राधिकरण, आयोजना, देउमाई नगरपालिका र स्थानीय बासिन्दाबीच शनिवार भएको छलफलमा प्रसारण लाइनबाट प्रभावित हुने जग्गा तथा घरधनी, रुखबिरुवा, घरटहरा लगायतका संरचनाको यकिन गर्न तत्काल सर्वेको काम शुरु गर्ने सहमति जुटेको हो । प्रभावितको यकिन गरी मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्ने र त्यसपछि प्रसारण लाइन निर्माणको काम शुचारु गर्ने निर्णय भएको छ प्राधिकरणले बताएको छ ।

प्रसारण लाइनको बाटो (राइट अफ वे)मा पर्ने जग्गाको शतप्रतिशत क्षतिपूर्ति दिनु पर्ने, रुट परिवर्तन गर्नुपर्ने लगायतका माग राखी स्थानीयले प्रसारण लाइन निर्माणमा अवरोध गरेका थिए । स्थानीयको अवरोधका कारण सिद्धिथुम्कामा ११ ओटा टावर निर्माण हुन सकेको छैन ।

प्रसारण लाइन निर्माणमा अवरोध भएपछि समस्या समाधान गर्न प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण लाइन निर्देशनालयका निमित्त बज्रभूषण चौधरी, निर्देशक रञ्जन चालिसे, विराटनगर क्षेत्रीय कार्यालयका प्रमुख सचिदानन्द यादवसहितको टोली आयोजनास्थल पुगेको थियो ।

छलफलमा कार्यकारी निर्देशक घिसिङले स्थानीयबासीको जायज मागलाई सम्बोधन गर्न तयार रहेको उल्लेख गर्दै राष्ट्रिय महत्वको आयोजनाको काममा अवरोध नगर्न आग्रह गरे । ‘काम शुरु भएको धेरै वर्षमा पनि प्रसारण लाइन निर्माण सम्पन्न नभएपछि स्थानीयरुपमै समस्या समाधान गर्न आएका हौँ, काममा अवरोध भइरहेमा यस क्षेत्रमा निर्माण भइरहेका जलविद्युत आयोजनाको विद्युत खेर जाँदै छ ।’ उनले भने, ‘यस्तो दूर्भाग्यपूर्ण अवस्था आएमा एकातर्फ प्राधिकरणले ऊर्जा उत्पादकहरुलाई पेनाल्टी तिर्नुपर्ने छ भने अर्कोतर्फ आफ्नो उत्पादन खेर फाली लोडसेडिङ हुन नदिन भारतबाट थप विद्युत आयात गर्नुपर्ने बाध्यात्मक स्थिति आउने छ ।’

घिसिङले प्रसारण लाइनको दायाँ वायाँ ९/९ मिटर राइट अफ वेमा पर्ने जग्गाको स्थानीयबासिन्दाको मागअनुसार शतप्रतिशत क्षतिपूर्ति दिन नसकिने प्रष्ट पारे । ‘विद्यमान कानूनअनुसार मूल्याङ्कीत रकमको १० प्रतिशतभन्दा बढी क्षतिपूर्ति दिन सकिंदैन’, उनले भने । उनकाअनुसार टावर रहने स्थानको जग्गाको शतप्रतिशत र राइट अफ वेको १० प्रतिशत मात्रै क्षतिपूर्ति दिने कानूनी व्यवस्था छ । कावेली करिडोर प्रसारण लाइन निर्माण करीव १० वर्ष अघि शुरु गरिएको थियो । आयोजनाको निर्माण अगामी असारसम्ममा सक्ने लक्ष्य राखिएको छ । ठेकेदारको कमजोर कार्यसम्पादन, प्रसारण लाइनको ‘राइट अफ वे’मा स्थानीयको अवरोध, रुख कटान स्वीकृतिमा भएको ढिलाइलगायतले आयोजनाको काम ढिलाई भएको हो ।

राजधानी दैनिक, २०७२/११/२८

## काबेली कोरिडोर प्रसारण लाइन सर्भेमा स्थानीय सहमत

इलामको देउमाई नगरपालिका–७ सिद्धिथुम्कावासी काबेली कोरिडोर प्रसारण १३२ केभी प्रसारण लाइन आयोजनाको सर्भे गर्न दिन सहमत भएका छन् ।

नेपाल विद्युत् प्राधिकरण, आयोजना, देउमाई नगरपालिका र स्थानीय बासिन्दाबीच भएको छलफलमा प्रसारण लाइनबाट प्रभावित हुने जग्गा तथा घरधनी, रूखबिरुवा, घरटहरालगायतका संरचनाको यकिन गर्न तत्काल सर्भेको काम सुरु गर्ने सहमति जुटेको हो ।

प्रभावितको यकिन गरी मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्ने र त्यसपछि प्रसारण लाइन निर्माणको काम सुचारु गर्ने निर्णय भएको छ ।

प्रसारण लाइनको बाटोमा पर्ने जग्गाको शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने, रुट परिवर्तन गर्नुपर्नेलगायतका माग राखी स्थानीयले प्रसारण लाइन निर्माणमा अवरोध गरेका थिए । स्थानीयको अवरोधका कारण सिद्धिथुम्कामा ११ वटा टावर निर्माण हुन सकेका छैनन् ।

स्थानीयको अवरोधले काम गर्न नसक्दा पाँचथर र ताप्लेजुङमा निजी क्षेत्रले निर्माण गरिरहेका झन्डै सय मेगावाटका आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न नसकी खेर जाने अवस्था छ । प्रसारण लाइन निर्माणमा अवरोध भएपछि समस्या समाधान गर्न प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण लाइन निर्देशनालयका निमित्त प्रमुख बज्रभूषण चौधरी, निर्देशक रञ्जन चालिसे, विराटनगर क्षेत्रीय कार्यालयका प्रमुख सचिदानन्द यादवसहितको टोली आयोजनास्थल पुगेको थियो । छलफलमा कार्यकारी निर्देशक घिसिङले स्थानीयवासीको जायज मागलाई सम्बोधन गर्न तयार रहेको उल्लेख गर्दै राष्ट्रिय महŒवको आयोजनाको काममा अवरोध नगर्न आग्रह गरे ।

'काम सुरु भएको धेरै वर्षमा पनि प्रसारण लाइन निर्माण सम्पन्न नभएपछि स्थानीय रूपमै समस्या समाधान गर्न आएका हौं, काममा अवरोध भइरहेमा यस क्षेत्रमा निर्माण भइरहेका जलविद्युत् आयोजनाको विद्युत् खेर जाँदै छ,' उनले भने, 'यस्तो दुर्भाग्यपूर्ण अवस्था आएमा एकातर्फ प्राधिकरणले ऊर्जा उत्पादकहरूलाई पेनाल्टी तिर्नुुपर्नेछ भने अर्कोतर्फ आफ्नो उत्पादन खेर फाली लोडसेडिङ हुन नदिन भारतबाट थप विद्युत् आयात गर्नुपर्ने बाध्यात्मक स्थिति आउनेछ ।'

काबेली कोरिडोर प्रसारण लाइन निर्माण करिब १० वर्षअघि सुरु गरिएको थियो । आयोजनाको निर्माण आगामी असारसम्ममा सक्ने लक्ष्य राखिएको छ । ठेकेदारको कमजोर कार्यसम्पादन, प्रसारण लाइनको 'राइट अफ वे'मा स्थानीयको अवरोध, रूख कटान स्वीकृतिमा भएको ढिलाइलगायतले आयोजनाको काममा ढिलाइ भएको हो ।

घिसिङले प्रसारण लाइनको दायाँबायाँ ९÷९ मिटर राइट अफ वेमा पर्ने जग्गाको स्थानीय वासिन्दाको मागअनुसार शतप्रतिशत क्षतिपूर्ति दिन नसकिने प्रस्ट पारे । 'विद्यमान कानुनअनुसार मूल्यांकन

गरिएको रकमको १० प्रतिशतभन्दा बढी क्षतिपूर्ति दिन सकिँदैन,' उनले भने । टावर रहने स्थानको जग्गाको शतप्रतिशत र राइट अफ वेको १० प्रतिशत मात्रै क्षतिपूर्ति दिन कानुनी व्यवस्था छ ।
छलफलमा देउमाई नगरपालिका प्रमुख सूर्यप्रसाद पोखरेलले राष्ट्रिय महŒवको आयोजना अघि बढाउन पूर्ण सहयोग र समर्थन रहेको बताए । 'राष्ट्रिय महŒवको आयोजना नाजायज माग राखी अवरोध गर्नुहुँदैन,' उनले भने, 'अवरोध हटाई काम सुचारु गर्न सहजीकरणका लागि स्थानीय सरकार सधैं तयार छ ।' स्थानीय अवरोध हटाउन पोखरेल आफैं सक्रिय रूपमा खटिएका छन् ।
यसैगरी, पाँचथरको फिदिम नगरपालिको जोरसल्ला–थापाटार खण्डको प्रसारण लाइन निर्माण सुचारु गर्ने सहमति भएको छ । त्यस खण्डमा ११ वटा टावर निर्माण गर्न बाँकी छ ।
पाँचथर र ताप्लेजुङमा रहेका काबेली, हेवा, माईलगायतका खोलामा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि काबेली कोरिडोर निर्माण भइरहेको हो । झापाको दमकबाट सुरु भएको प्रसारण लाइन इलाम, पाँचथर, तेह्रथुम हुँदै ताप्लेजुङसम्म पुग्छ । प्रसारण लाइनलाई तीन खण्डमा विभाजन गरी निर्माण भइरहेको छ । त्यसमध्ये पहिलो दमक–गोदक खण्डको निर्माण भइसकेको छ ।
दोस्रो खण्ड गोदक–फिदिम (थापाटार) खण्डमा स्थानीयका अवरोधका काम काम अवरुद्ध छ । तेस्रो फिदिम–ताप्लेजुङ खण्डको निर्माण अन्तिम चरणमा छ । गोदक, थापाटार र ताप्लेजुङ (अमरपुर) मा सब–स्टेसन निर्माण सकिएको छ । ९० दशमलव २ किलोमिटर प्रसारण लाइनमा २६३ वटा टावर निर्माण हुनेछन् ।

अभियान, २०७२/११/२८

# ऊर्जा विकासमा विदेशी लगानी ल्याउनुपर्छ

*सन् १९९५ देखि नेपालको ऊर्जा क्षेत्रमा निरन्तर काम गर्दै आएका इञ्जिनीयर खड्गबहादुर विष्ट नेपालका ऊर्जा विज्ञमध्ये एक हुन् । ऊर्जाका विषयमा हुने राष्ट्रिय–अन्तरराष्ट्रिय कार्यक्रममा उनका कार्यपत्र प्रस्तुत हुन्छन् । उनले नेपाल विद्युत् प्राधिकरणमा इञ्जिनीयर पदबाट यो क्षेत्रमा प्रवेश गरेका हुन् । सरकारी जागीर छाडेर उनी नर्बेजीयन कम्पनी मुख्य प्रवर्द्धक रहेको हिमाल पावर कम्पनीको नेतृत्वदायी पदमा बसेर काम गरिरहेका छन् । उनी सोही कम्पनीले विकास गरेको खिम्ती जलविद्युत् आयोजना निर्माण सम्पन्न गर्ने मुख्य पात्र मानिन्छन् । ऊर्जा उत्पादनमा सक्रिय निजीक्षेत्रका आवाजलाई एकीकृत गरी नीतिगत तहमा पुर्‍याउने 'स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)' को स्थापनामा उनको विशेष योगदान छ । प्रस्तुत छ, इप्पानका निवर्तमान अध्यक्षसमेत रहेका विष्टसँग आर्थिक अभियानकर्मी दुर्गा लामिछानेले गरेको कुराकानीको सार सङ्क्षेप :*

## खिम्तीपछाडि अरू कुनै परियोजनामा आबद्ध हुनुभएन, किन ?

खिम्ती सञ्चालनमा आएपछि यो परियोजना विकासकर्ता हिमाल पावरको मातृ कम्पनी स्टाटक्राफ्टले तामाकोशी ३ र किर्ने जलविद्युत् आयोजना विकास गर्ने योजना बन्यो । जसमा किर्नेको परियोजना व्यवस्थापक र स्टाटक्राफ्ट नेपालको कार्यालयका तर्फबाट सरकारसँगको सम्बन्ध हेर्ने र प्राविधिक रूपमा सुझाव दिने जिम्मेवारी मलाई दिइयो । किर्ने सम्पन्न गरी स्थानीयलाई हस्तान्तरण गरियो । तामाकोशी ३ बाट उत्पादित विद्युत् भारत निर्यात गर्ने गरी लाइसेन्स लिएर सम्भाव्यता अध्ययन पनि उच्चतम प्रविधि र विधि लगाएर भयो । सन् २००८ मा भारतको बजार खस्किनाले परियोजनाप्रतिको आकर्षण घट्दै गयो । त्यसपछि अस्थिर राजनीतिका कारण नेपालका तर्फबाट पनि आवश्यक पहल हुन सकेन । सबै हिसाबले असहज वातावरण बन्दै गएपछि स्टाटक्राफ्टले लाइसेन्स सरकारलाई फिर्ता दियो । त्यो परियोजनामा खटेर लागेको थिएँ ।

## हाल यहाँको सक्रियताचाहिँ केमा छ ?

हिमाल पावरको जिम्मेवारी छँदै छ । त्यसबाहेक ऊर्जा क्षेत्रमा देशको नीतिगत सहजताका लागि 'लबी' गर्ने काम भइरहेको छ । नेपालको सबैभन्दा ठूलो स्रोत जलविद्युत् छ भने त्यो स्रोतलाई कुन नीति तथा संयन्त्र लगाएर अगाडि ल्याउन सकिन्छ भन्ने कुरामा बोल्दै आएको छु । इप्पानको अध्यक्ष भएका बेला संसदीय समितिमा गएर कार्यपत्र प्रस्तुत गरेर १० वर्षमा १० हजार मेगावाट विद्युत् निकाल्ने खाका बनाउनुपर्छ, ऊर्जा सुरक्षा ल्याउनुपर्छ भनेर प्राधिकरणलाई झकझक्याउन विशेष भूमिका खेलेँ । जुन कार्यान्वयन पनि भयो, साथै विद्युत् विकासका सन्दर्भमा मेरो तत्कालीन नेतृत्वले दिएका सुझावको धेरै हदसम्म कार्यान्वयन भएको छ ।

## देशमा विद्युत् विकासको प्रमुख तत्त्व के होजस्तो लाग्छ ?

१० वर्षमा १० हजार मेवा वा प्रतिव्यक्ति विद्युत् खपत ५ सय किलोवाट आवर जे गर्ने भने पनि त्यसका

लागि क्रमभङ्गता आवश्यक छ । सन् २०३० सम्ममा काठमाडौंबाट डिजेल गाडी हटाउने, ठूला–ठूला शहरमा इलेक्ट्रिक सवारीसाधन मात्र चलाउने, बर्षामा शतप्रतिशत इण्डक्शन चुलो चलाउने व्यवस्थाका लागि त्यो समयमा ग्यास आयात नै नगर्नेजस्ता आक्रामक कदमहरू चाल्नुपर्छ । यस्ता कार्यक्रम लागू गर्ने नेतृत्वले शुरूमा टन्नै गाली खान्छ । तर, यसरी काम नगरे ५ वर्ष सकिँदासम्म खासै परिवर्तन आउँदैन । यदि अहिलेकै क्रममा हिँड्ने हो भने राजनीतिक नेतृत्वले सरकार बनाउने र गिराउने खेल मात्र नगरे निजीक्षेत्रले आफ्नो स्थानबाट यही गतिमा काम गरि नै रहन्छ । यी कुरा मैले राजनीतिक नेताहरूमाझ धेरै पटक राखेको छु ।

**यसरी तपाईंले राखेका कुरामा उनीहरूको संवेदनशीलता कस्तो रहन्थ्यो ?**

अब्राहम लिङ्कनको 'तिमी सधैंभरि सबै मानिसलाई उल्लु बनाइरहन सक्दैनौं' भन्ने एउटा भनाइ छ । यसअघिसम्म प्रतिबद्धता गरे पनि कार्यान्वयन गर्न भ्याइनँ भनेर नेताहरू उम्किने अवस्था थियो, अब त्यो छैन । ५/५ वर्ष सरकारमा रहँदा त गर्न सकिने धेरै काम हुन्छन्, भनेका काम गरेनन् भने हामी खबरदारी गरिरहन्छौं ।

**निजीक्षेत्रले विद्युत् आयातको विरोध गर्दै आएका छन्, तपाईंको धारणाचाहिँ के हो ?**

अहिले हामी देशमा पर्याप्त विद्युत् उत्पादन नभएका कारण भारतबाट आयात गरिरहेका छौं । भारतमा विद्युत् सस्तो हुँदै गएको भन्ने चर्चा सुनिने गरेको छ । कतै त्यसकारणले देशले आफ्नो उत्पादनमा भन्दा बढी आयातमा ध्यान दिने कामचाहिँ नगरोस् । किनभने, आज विश्वका जति पनि विकसित मुलुक छन्, तिनले शुरूमा अन्य देशको सहायता लिए पनि विस्तारै आफ्नै देशको आधारभूत उद्योगको विकास गरेका कारण नै विकसित भएका हुन् । भारतबाट सस्तो बिजुली किन्ने र यहाँ अलिकति नाफा राखेर बेच्ने दलालीको मात्र काम गर्ने हो भने त्यसले देशको समग्र विकासमा नकारात्मक असर पर्छ । आज आयोजना बनाउन लाग्ने लागत धेरै भए पनि आयोजनाको आयु लामो हुने हुँदा दीर्घकालमा यहीँ उत्पादित विद्युत् सस्तो पर्न जान्छ । त्यसैले ऊर्जा सुरक्षाका हिसाबले हेर्ने हो भने सरकारले अहिले आयात गरोस् तर दीर्घकालमा आत्मनिर्भर हुने दिशामा जानुपर्छ ।

**ऊर्जा विकासमा हाम्रा कमजोरी केके छन् ?**

यस क्षेत्रको सबैभन्दा ठूलो चुनौती भनेको नेताहरूले भनेजस्तो धेरै ठूलाठूला आयोजना बनाउने पैसा नेपालसँग छैन । एक/दुई ओटा सकौंला, सबै आफैं सक्छौं भनेर मात्रै हुँदैन, पूँजी चाहिन्छ । वैदेशिक लगानी (एफडीआई) ल्याउनुपर्छ । कुन प्रक्रियाबाट ल्याउने भन्ने कुरामा एउटा मोडल बनाउन सकिन्छ, तर एफडीआई नै ल्याउनु हुन्न भन्नु उचित हुन्न । त्यसैगरी, अर्को चुनौती राजनीतिक नेताहरूले भनेका कुरालाई कर्मचारीतन्त्रले जहिले पनि हल्का रूपमा लिनु हो । यसकारण अन्तरमन्त्रालय काम गर्नुपर्ने जलविद्युत् आयोजनाजस्ता परियोजनाले निकै दुःख खेप्नुपरेको छ ।

नयाँ पत्रिका, २०७२/११/२९

# खिम्ती–२ मा चिनियाँ कम्पनीको लगानी

## ४९ मेगावाट क्षमताको आयोजनामा ९ अर्ब लगानी भित्रिँदै

चिनियाँ कम्पनीले नेपालको निजी क्षेत्रले प्रवद्र्धन गरिरहेको खिम्ती २ जलविद्युत् आयोजनामा ९ अर्ब रुपैयाँ लगानी गर्ने भएको छ । यो निजी क्षेत्रबाट प्रवद्र्धित नेपालको जलविद्युत् आयोजनामा चिनियाँ सरकारी कम्पनीबाट हुन लागेको ठूलोमध्येको एक लगानी हो ।

चीनको छोङछिङ वाटर एन्ड टर्बाइन वक्र्स कम्पनी (सिडब्लुटिसी)ले नेपालको पिपुल्स इनर्जी लिमिटेडद्वारा प्रवद्र्धित खिम्ती–२ आयोजनामा लगानी गर्ने भएको हो । ४९ मेगावाट क्षमताको यो आयोजना नेपालको निजी क्षेत्रले प्रवद्र्धन गरेको ठूलोमध्येको एक आयोजना हो । सिडब्लुटिसी चीनको सरकारी जलविद्युत् कम्पनी हो ।

लगानीसम्बन्धी सम्झौतापत्रमा आगामी १४ मार्चमा हस्ताक्षर हुने भएको छ । त्यसका लागि पिपुल्स इनर्जी लिमिटेडका प्रतिनिधि चीन जाने भएका छन् । चिनियाँ सरकारी कम्पनीले नेपालको निजी क्षेत्रले प्रवद्र्धन गरेको जलविद्युत् अयोजनामा लगानी गर्ने भएसँगै निजी क्षेत्रले प्रवद्र्धन गरेका अन्य आयोजनामा पनि लगानी भित्रिने अपेक्षा गरिएको छ ।

बुढीगण्डकीलगायतका ठूला आयोजनामा लगानी गर्न चाहिरहेको चिनियाँ सरकारी कम्पनीहरूले निजी क्षेत्रबाट प्रवद्र्धन गरेको जलविद्युत् आयोजनामा पनि लगानी सुरु गरेर नेपालको निजी क्षेत्रसँगसमेत सहकार्य गर्न तयार रहेको सन्देश दिएको नेपाल स्वतन्त्र ऊर्जा उत्पादक संघका उपाध्यक्ष कुमार पाण्डेले बताए । चीनसँग लगानीका लागि प्रशस्त पैसा र प्रविधि भएको भन्दै उनले चिनियाँ लगानी आकर्षित गर्न सकिए नेपालको जलविद्युत् क्षेत्रलाई थप मजबुत बनाउन सहयोग पुग्ने बताए ।

पछिल्लो समय नेपालको जलविद्युत्मा चिनियाँ लगानी बढ्दै गइरहेको छ । सिनो हाइड्रो कर्पोरेसनले नेपालीसँगको साझेदारीमा ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी ‘ए’ जलविद्युत् आयोजना निर्माण गरिरहेको छ ।

यो आयोजनामा चितवन कोई समूहको १० र बाँकी ९० प्रतिशत लगानी सिनो हाइड्रोको छ । त्यस्तै, चाइना थ्री गर्जेज कर्पोरेसनको सहायक कम्पनी चाइना वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसन (सिडब्ल्युई)ले २५ मेगावाटको मादी–१ आयोजना निर्माण गरिरहेको छ । मादीमा सिडब्ल्युईको ८० र नेपालको गोरखा कन्ट्रक्सन कम्पनीको २० प्रतिशत लगानी छ ।

चाइना थ्री गर्जेज इन्टरनेसनल कर्पोरसनले ७ सय ५० मेगावाटको जलाशययुक्त पश्चिम सेती आयोजना बनाउने तयारी पनि गरिरहेको छ । लगानी बोर्डले १ खर्ब ६० अर्ब रुपैयाँ वैदेशिक लगानी ल्याउन थ्री गर्जेजलाई अनुमति दिइसकेको छ । नेपाल विद्युत् प्राधिकरण र थ्री गर्जेजबीच संयुक्त आयोजना विकास सम्झौता (पिडिए)मा हस्ताक्षर भइसकेको छ ।

कान्तिपुर, २०७२/११/३०

# विद्युतमा आन्तरिक उत्पादन थपिँदै

धर्मदेवी र मादी नगरपालिकामा निजी क्षेत्रबाट १४ दशमलव ९ मेगावाट विद्युत् उत्पादन हुने भएको छ । मायाखोला हाइड्रो पावर कम्पनी लिमिटेडले २ अर्ब ५० करोडको लागतमा विद्युत् उत्पादन गर्ने गरी काम थालेको छ । यो आयोजना सरकारले पहिचान गरी नेपालको लोडसेडिङको चाँडो अन्त्य गर्न देशभरबाट छानिएका सुपर सिक्स आयोजनामध्ये एक हो । ०७६ पुसबाट व्यापारिक उत्पादन सुरु गर्ने लक्ष्यका साथ निर्माण कार्य सुरु गरिएको आयोजना अध्यक्ष विजयमान शेरचनले बताए ।

अबको १४ महिनाभित्र आयोजनाको काम सम्पन्न हुने दाबी उनले गरे । यो आयोजना ट्रिपल पी मोडलमा निर्माण हुने उनले जनाए । सुरुङ मार्गको प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले शिल्यान्यास गरे । आयोजनाको पावर हाउस धर्मदेवी नगरपालिका ४ को पिलुवास्थित रिट्ठा बगरमा रहनेछ ।

आयोजनाले सडकको ट्रयाक खोल्ने काम सकेको छ । २ हजार २ सय ४ मिटर लामो टनेलमार्फत पानी ल्याएर ९ सय ४९ मिटर पेनस्टक पाइपमार्फत टर्बाइनमा पानी पुर्‍याइनेछ । आयोजनाको पाइप लाइनको नेट हेड ४ सय १२ मिटर रहनेछ । पाइप लाइन बिछयाएपछि मुहान र टर्बाइन रहेको विन्दुबीचको भर्टिकल दूरीलाई हेड भनिन्छ । जति हेड बढी भयो त्यति धेरै पानीको बहाव हुन्छ । विद्युत् उत्पादनका लागि ७ दशमलव ४ मेगावाटका २ वटा जेनेरेटरको प्रयोग गरिने आयोजनाले जनाएको छ । आयोजनामा प्रवद्र्धकको ७५ करोड रुपैयाँ (३० प्रतिशत) र बैंक ऋणबाट १ अर्ब ७५ करोड रुपैयाँ (७० प्रतिशत) खर्चिनेछ ।

जिल्लामा अहिले ११ दशमलव ८५ मेगावाट आन्तरिक उत्पादन रहेको छ । सभाखोलाबाट ४ दशमलव ४, हेवा खोलाबाट ३ दशमलव २, पिलुवा १ बाट ३, लोअर पिलुवाबाट १ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ । त्यस्तै निगुरे पावर हाउसबाट २ सय ५० किलोवाट क्षमताको विद्युत् उत्पादन भइरहेको छ । हिउँदको समयमा भने आधाभन्दा बढी उत्पादन घट्ने गरेको विद्युत् प्राधिकरणका प्रमुख ध्रुव अधिकारीले बताए । उनका अनुसार यो जिल्लामा दसभन्दा बढी साना खोलाहरूबाट 'माइक्रो हाइड्रो' सञ्चालन गरी स्थानीयले विद्युत् सेवा लिइरहेका छन् ।

विद्युत् उत्पादन बढ्दै गए पनि खपतको अवस्था भने न्यून छ । विद्युत् प्राधिकरण खाँदबारी वितरण केन्द्रका अनुसार साँझको समयमा ४ मेगावाट खपत भइरहेको छ । दिउँसो २ मेगावाट मात्र खपत हुन्छ । जिल्लामा उद्योग कलकारखना नभएकाले दिउँसो विद्युत्को प्रयोग कम भएको अधिकारीले बताए । यहाँ उत्पादित विद्युत् पिलुवा सबस्टेसनबाट धनकुटा, धरान हुँदै दुहबी केन्द्रीय प्रसारण लाइनमा जोडिन्छ ।

कान्तिपुर, २०७२/११/३०

# वर्ष दिनभित्रै १२३ मेगावाट विद्युत्

आगामी एक वर्षभित्रै रसुवामा १ सय २३ मेगावाट विद्युत् उत्पादन हुने भएको छ । रसुवा जिल्लामा निर्माणाधीन चारवटा जलविद्युत् आयोजनाले अबको एक वर्षभित्र १ सय २३ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित निर्माण कार्यलाई तीव्रता दिएको छ । जिल्ला समन्वय समिति रसुवाले आइतबार धुन्चेमा गरेको जनप्रतिनिधि र आयोजनाबीचको छलफल कार्यक्रममा आगामी वर्षभित्र रसुवा जिल्लामा १ सय २३ मेगावाट विद्युत् उत्पादन हुने आयोजनाहरूले बताएका छन् ।

जिल्लामा निर्माण भइरहेका जलविद्युत् आयोजनाको अवस्था, आयोजनामा देखिएका समस्या र स्थानीय तहले खेल्नुपर्ने भूमिकाको बारेमा जनप्रतिनिधि र जलविद्युत् आयोजनाबीच छलफल गरिएको जिल्ला समन्वय समिति रसुवाका कार्यक्रम अधिकृत लीलानाथ नेपालले बताए । छलफल कार्यक्रममा आयोजनाले जनप्रतिनिधिहरूलाई आयोजनाको प्रगतिबारे जानकारी गराएका थिए । ६ दशमलव ४२ मेगावाट क्षमताको माथिल्लो मैलुङ 'ए', ६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली 'थ्री ए', १४ दशमलव ८ मेगावाटको माथिल्लो सान्जेन र ४२ दशमलव ५ मेगावाट क्षमताको सान्जेनले आगामी फागुन महिनाभित्रै विद्युत् उत्पादन गर्ने लक्ष्य राखेका छन् । चारवटै आयोजना समयमै सम्पन्न भएमा अबको एक वर्षभित्र १ सय २३ दशमलव ७२ मेगावाट क्षमताको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ ।

निर्वाचित भएको लामो समयपछि जनप्रतिनिधिले आयोजनासँग छलफल गरेका हुन् । छलफलमा सहभागी भएका जनप्रतिनिधिले आयोजनामा स्थानीयलाई रोजगारीको अवसर दिनुपर्ने, विकासका कार्यक्रम निर्माण गर्दा जनप्रतिनिधिसँग समन्वय गर्नुपर्ने लगायतका माग आयोजनासँग राखेका थिए । जिल्लामा अहिले एक दर्जनभन्दा बढी जलविद्युत् आयोजनाहरू निर्माणको चरणमा रहेका छन् ।

छलफलमा जनप्रतिनिधिका तर्फबाट प्रदेश सांसद, जिल्ला समन्वय समितिका प्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष सहभागी थिए । आयोजनाका तर्फबाट प्रमुख, जनसम्पर्क अधिकृत र साइड इन्चार्ज सहभागी भएको जिल्ला समन्वय समिति रसुवाले जनाएको छ ।

कारोबार, २०७२/११/३०

# मायाखोला हाइड्रो निर्माण सुरु

सङ्खुवासभामा १४.९ मेगावाट क्षमताको माया खोला जलविद्युत् आयोजना निर्माण सुरु भएको छ । प्रदेश–१ का मुख्यमन्त्री शेरधनराईले शिलान्यास गरेको धर्मदेवी नगरपालिका वडा नम्बर ३, ४ र ५ मा पर्ने माया खोलाबाट विद्युत् निकाल्न २ हजार २०० मिटरको सुरुङ खन्ने कार्य धमाधम भइरहेको आयोजनाले जनाएको छ ।
आयोजनाको शिलान्यास गर्दै मुख्यमन्त्री शेरधन राईले यो आयोजनाबाट सङ्खुवासभा मात्र नभएर सिंगो प्रदेश नम्बर १ नै लाभान्वित हुने धारणा राखेका छन् । प्रदेश एक जलविद्युत् क्षेत्रमा अत्यन्तै सम्भावना बोकेको जिल्ला भएकोले जलविद्युत्बाट आर्थिक समृद्धि हासिल गर्न सकिने मुख्यमन्त्री राईको भनाइ छ । ।
माया खोलाबाट निकालिने विद्युत् सार्वजनिक निजी साझेदारीको मोडेलमा निर्माण गरिन लागेको कार्यकारी अध्यक्ष विजयमान शेरचनले जानकारी दिए । सन् २०१९ डिसेम्बर महिनामा सम्पन्न हुने यो आयोजना पशुपति इनर्जी डेभलपमेन्ट प्रालिले निर्माण गर्न लागेको हो । आयोजनाको २ अर्ब ५० करोड लागत मध्ये विद्युत् विकास कम्पनी पशुपति इनर्जी डेभलपमेन्ट प्रालिको ५१ प्रतिशत र बाँकी ४९ प्रतिशत मायाखोला कम्पनी लिमिटेड र स्थानीयको सेयरमार्फत सम्पन्न गरिने बताइएको छ ।
रन अफ रिभर बेसमा निर्माण हुन लागेको उक्त आयोजनाको टनेल निर्माणका लागि धर्मदेवी ३ मा रहेको नागेश्वरीदेखि धर्मदेवी ४ स्थित हुर्पाको सल्लेसम्म २ हजार २०० सय मिटर लम्बाइको सुरुङ निर्माण धमाधम भइरहेको प्रमुख इन्जिनियर जितेन्द्र गुरुङ्गले जनाए ।
सङ्खुवासभाका विभिन्न खेलाबाट अहिलेसम्म ११.८५ मेगावाट विद्युत् उत्पादन भइसकेको छ । सङ्खुवासभामा सभाखोलाबाट ४.४ मेगावाट, हेवा खोलाबाट ३.२ मेगावाट, पिलुव–१ बाट ३ मेगावाट र लोअर पिलुवाबाट १ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ । त्यस्तै, निगुरे पावर हाउसबाट दुई सय ५० किलोवाट क्षमताको विद्युत उत्पादन भइरहेको छ । तर, हिउँदको समयमा भने आधाभन्दा धेर उत्पादन घट्ने गरेको विद्युत प्राधिकरण सङ्खुवासभा वितरण केन्द्रका प्रमुख ध्रुव अधिकारीले जानकारी दिए । जिल्लामा दशभन्दा बढी साना खोलाबाट लघुजलविद्युत् सञ्चालन गरी स्थानीयले विद्युत् सेवा लिइरहेका छन् ।
सङ्खुवासभामा विद्युत् उत्पादन बढ्दै गए पनि खपतको अवस्था भने न्युन छ । विद्युत् प्राधिकरण खाँदबारी वितरण प्रमुखका अनुसार हाल साँझको समयमा ४ मेगावाट खपत भइरहेको छ भने दिउँसो २ मेगावाट मात्र खपत भइरहेको छ । जिल्लामा उद्योग कलकारखाना नभएकाले दिउँसो विद्युत् खपत कम भएको खाँदबारी वितरण केन्द्रका प्रमुख अधिकारी बताउँछन् । जिल्लामा उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिएको छ ।

नयाँ पत्रिका, २०७२/११/३०

# आठ वर्षमा पनि बनेन सिँगटी–लामोसाँघु प्रसारण लाइन

*श्याम खतिवडा*

## लाइन नबन्दा सिप्रिङ खोलाको बिजुली खेर

२ वर्षमा पूरा गर्ने गरी ८ वर्षअघि ठेक्का सम्झौता भएको सिँगटी–लामोसाँघु प्रसारण लाइन अलपत्र परेको छ । प्रसारण लाइन नबन्दा सिप्रिङ खोला (१० मेगावाट)लगायत विद्युत् आयोजनाबाट उत्पादित बिजुली खेर गइरहेको छ । समयमै काम नसकिँदा लगानीकर्ताले ५ वर्षदेखि वार्षिक करोडौँ घाटासमेत बेहोर्दै आएका छन् ।

सिँगटी–लामोसाँघु प्रसारण लाइन १३२ केभी क्षमताको हो । प्रसारण लाइन निर्माणको जिम्मा पाएको भारतीय कम्पनी अरावली इन्फ्रा पावरले आर्थिक संकट देखाउँदै काममा ढिलाइ गरेपछि काम रोकिएको हो । निर्धारित समयमा काम नसक्ने ठेकेदारसँग नेपाल विद्युत् प्राधिकरणले चारपटक सम्झौता नवीकरण गरेको छ । चौथोपटक थपिएको समयअनुसार जेठ ०७५ सम्म काम पूरा गर्नुपर्नेछ।

०६७ बाट निर्माण थालिएको प्रसारण लाइन सुरुका २ वर्ष तीव्र गतिमा अघि बढेको थियो । ०६९ देखि चैत ०७३ सम्म आर्थिक संकटको कारण देखाउँदै ठेकेदारले काम रोकेको थियो । यसपछि प्राधिकरणले ठेक्का सम्झौता तोडेर नयाँ ठेकेदार नियुक्त गर्ने तयारी थालेको थियो ।

नयाँ ठेक्का पक्रियामा जाँदा धेरै समय लाग्ने भन्दै जलविद्युत् आयोजना निर्माण गर्ने निजी प्रवद्र्धकले पुरानै ठेक्कालाई निरन्तरता दिन आग्रह गरेपछि पुरानैलाई सदर गरिएको थियो । आयोजनाको सिँगटी सबस्टेसनको काम भने ८० प्रतिशत पूरा भएको छ । प्राधिकरण, निजी क्षेत्र र ठेकेदारबीच भएको समझदारीपछि ठेकेदारले गत वैशाखबाट प्रसारण लाइन निर्माण सुचारु गरेको छ ।

**जग्गा अधिग्रहण र मुआब्जा वितरण जारी**

ठेकेदारले प्रसारणलाइन विस्तार रोके पनि जग्गा अधिग्रहण, मुआब्जा वितरणलगायत काम भने नरोकिएको विद्युत् प्राधिकरणले जनाएको छ । सिँगटी–लामोसाँघु प्रसारण लाइनको ४० प्रतिशत काम पूरा भएको प्राधिकरणको दाबी छ । दोलखाको सिँगटीदेखि सिन्धुपाल्चोकको लामोसाँघु (४० किलोमिटर)सम्म १ सय २५ वटा टावर निर्माण गरिनेछ ।

टावर ठड्याउन ४० वटा फाउन्डेसन तयार भएको आयोजना प्रमुख राजन ढुंगेलले बताए । बाँकी टावरको फाउन्डेसन असारसम्म सकिने र टावरको तार तान्ने काम १ वर्षमा पूरा हुने उनले बताए । उनका अनुसार सिँगटी र लामोसाँघुमा दुई सबस्टेसन निर्माण हुनेछन् । आयोजना प्रमुख ढुंगेलले सामान आयातमा भन्सारको समस्याले काममा ढिलाइ भइरहेको बताए ।

भारतीय कम्पनी अरावलीले काम नगरेपछि खानीखोला–१ का प्रवद्र्धकहरूले भारतमै पुगेर ०७१ मा सो कम्पनीसँग सम्झौता गरेका हुन् । उनीहरूले फाउन्डेसनको काम सुरु गरेलगत्तै वैशाख ०७२ मा भूकम्प गयो । त्यसपछिको नाकाबन्दीले १ वर्ष काम ठप्प भयो ।

**आधा दर्जन आयोजना अन्योलमा**

प्रसारण लाइनको कुल लागत करिब ४२ करोड छ । प्रसारण लाइन तयार भएपछि दोलखामा निर्माणाधीन ४० मेगावाटको खानीखोला–१, ३० मेगावाटको खानीखोला, २५ मेगावाटको सिंगटी, ११ मेगावाटको तल्लो खारेखोला, २४.१ मेगावाटको खारेखोला, १० मेगावाटको सिप्रिङ खोलाको विद्युत् राष्ट्रिय प्रणालीमा जोडिनेछ । प्रसारण लाइन नबनेकै कारण सबै आयोजना अन्योलमा छन् ।

प्रसारण लाइन नभएको बहाना बनाउँदै निर्माणाधीन आयोजनाहरूको काम पनि सुस्त छ । त्यसैगरी, आयोजनाको लागतसमेत बढिरहेको प्रवद्र्धकहरू बताउँछन् । खारेखोला हाइड्रोपावरका सञ्चालक जिपछिरिङ लामाले हतार–हतार आयोजना बनाउन प्रसारण लाइनका कारण अन्योल भएको बताए ।

नयाँ पत्रिका, २०७२/११/३०

# आठ वर्षमा पनि बनेन सिँगटी–लामोसाँघु प्रसारण लाइन

*श्याम खतिवडा*

## लाइन नबन्दा सिप्रिङ खोलाको बिजुली खेर

२ वर्षमा पूरा गर्ने गरी ८ वर्षअघि ठेक्का सम्झौता भएको सिँगटी–लामोसाँघु प्रसारण लाइन अलपत्र परेको छ । प्रसारण लाइन नबन्दा सिप्रिङ खोला (१० मेगावाट)लगायत विद्युत् आयोजनाबाट उत्पादित बिजुली खेर गइरहेको छ । समयमै काम नसकिँदा लगानीकर्ताले ५ वर्षदेखि वार्षिक करोडौँ घाटासमेत बेहोर्दै आएका छन् । सिँगटी–लामोसाँघु प्रसारण लाइन १३२ केभी क्षमताको हो । प्रसारण लाइन निर्माणको जिम्मा पाएको भारतीय कम्पनी अरावली इन्फ्रा पावरले आर्थिक संकट देखाउँदै काममा ढिलाइ गरेपछि काम रोकिएको हो । निर्धारित समयमा काम नसक्ने ठेकेदारसँग नेपाल विद्युत् प्राधिकरणले चारपटक सम्झौता नवीकरण गरेको छ । चौथोपटक थपिएको समयअनुसार जेठ ०७५ सम्म काम पूरा गर्नुपर्नेछ।

०६७ बाट निर्माण थालिएको प्रसारण लाइन सुरुका २ वर्ष तीव्र गतिमा अघि बढेको थियो । ०६९ देखि चैत ०७३ सम्म आर्थिक संकटको कारण देखाउँदै ठेकेदारले काम रोकेको थियो । यसपछि प्राधिकरणले ठेक्का सम्झौता तोडेर नयाँ ठेकेदार नियुक्त गर्ने तयारी थालेको थियो ।

नयाँ ठेक्का पक्रियामा जाँदा धेरै समय लाग्ने भन्दै जलविद्युत् आयोजना निर्माण गर्ने निजी प्रवद्र्धकले पुरानै ठेक्कालाई निरन्तरता दिन आग्रह गरेपछि पुरानैलाई सदर गरिएको थियो । आयोजनाको सिँगटी सबस्टेसनको काम भने ८० प्रतिशत पूरा भएको छ । प्राधिकरण, निजी क्षेत्र र ठेकेदारबीच भएको समझदारीपछि ठेकेदारले गत वैशाखबाट प्रसारण लाइन निर्माण सुचारु गरेको छ ।

## जग्गा अधिग्रहण र मुआब्जा वितरण जारी

ठेकेदारले प्रसारणलाइन विस्तार रोके पनि जग्गा अधिग्रहण, मुआब्जा वितरणलगायत काम भने नरोकिएको विद्युत् प्राधिकरणले जनाएको छ । सिँगटी–लामोसाँघु प्रसारण लाइनको ४० प्रतिशत काम पूरा भएको प्राधिकरणको दाबी छ । दोलखाको सिँगटीदेखि सिन्धुपाल्चोकको लामोसाँघु (४० किलोमिटर)सम्म १ सय २५ वटा टावर निर्माण गरिनेछ ।

टावर ठड्याउन ४० वटा फाउन्डेसन तयार भएको आयोजना प्रमुख राजन ढुंगेलले बताए । बाँकी टावरको फाउन्डेसन असारसम्म सकिने र टावरको तार तान्ने काम १ वर्षमा पूरा हुने उनले बताए । उनका अनुसार सिँगटी र लामोसाँघुमा दुई सबस्टेसन निर्माण हुनेछन् । आयोजना प्रमुख ढुंगेलले सामान आयातमा भन्सारको समस्याले काममा ढिलाइ भइरहेको बताए ।

भारतीय कम्पनी अरावलीले काम नगरेपछि खानीखोला–१ का प्रवद्र्धकहरूले भारतमै पुगेर ०७१ मा सो कम्पनीसँग सम्झौता गरेका हुन् । उनीहरूले फाउन्डेसनको काम सुरु गरेलगत्तै वैशाख ०७२ मा भूकम्प गयो । त्यसपछिको नाकाबन्दीले १ वर्ष काम ठप्प भयो ।

## आधा दर्जन आयोजना अन्योलमा

प्रसारण लाइनको कुल लागत करिब ४२ करोड छ । प्रसारण लाइन तयार भएपछि दोलखामा निर्माणाधीन

४० मेगावाटको खानीखोला–१, ३० मेगावाटको खानीखोला, २५ मेगावाटको सिंगटी, ११ मेगावाटको तल्लो खारेखोला, २४.१ मेगावाटको खारेखोला, १० मेगावाटको सिप्रिङ खोलाको विद्युत् राष्ट्रिय प्रणालीमा जोडिनेछ । प्रसारण लाइन नबनेकै कारण सबै आयोजना अन्योलमा छन् ।

प्रसारण लाइन नभएको बहाना बनाउँदै निर्माणाधीन आयोजनाहरूको काम पनि सुस्त छ । त्यसैगरी, आयोजनाको लागतसमेत बढिरहेको प्रवद्र्धकहरू बताउँछन् । खारेखोला हाइड्रोपावरका सञ्चालक जिपछिरिङ लामाले हतार–हतार आयोजना बनाउन प्रसारण लाइनका कारण अन्योल भएको बताए ।

अन्नपुर्ण पोष्ट, २०७२/११/३०

# तल्लो हेवाको काम अन्तिम चरणमा

*भीमकुमार बाँस्कोटा*

पाँचथरको हेवाखोलामा निर्माणाधीन तल्लो हेवाखोला जलविद्युत् आयोजनाको काम अन्तिम चरणमा पुगेको छ। मुलुकको जलविद्युत् प्रणालीमा आउँदो असार महिनादेखि २२.२ मेगावाट विद्युत् जडान गर्ने उद्देश्यका साथ निर्माण भइरहेको आयोजनाको काम ९७ प्रतिशत पूरा भएको हो। निर्धारित समयभन्दा एक वर्षपछि धकेलिएर आयोजनाको काम अन्तिम चरणमा पुगेको हो।

माउन्टेन हाइड्रो प्रालि नेपालले २०७१ मंसिरदेखि आयोजना निर्माणका काम सुरु गरेको थियो। निर्धारित समयम कामले अपेक्षित गति लिन नसकेपछि आयोजना निर्माणका लागि म्याद थपिएको थियो। थपिएको एक वर्षको अविधमा आयोजनाको ९७ प्रतिशत काम पूरा भएको आयोजना प्रमुख गणेश सुब्बाले जानकारी दिए। 'अधिकांश काम अन्तिम चरणमा पुगेको छ', सुब्बाले भने, 'आउँदो असारदेखि विद्युत् उत्पादन गर्ने लक्ष्य राखेका छौँ।'

आयोजनाबाट २२.२ मेगावाट विद्युत् उत्पादन गर्न लागिएको हो। निर्धारित समयमा काम नसकिएपछि दोस्रो पटक म्याद थप गरी काम अघि बढाइएको हो। गत चैतमै सम्पन्न हुनुपर्ने आयोजनाको काम नसकिँदा दोस्रो पटक म्याद थप गरी काम अघि बढाइएको हो। सम्झौताअनुसार अघिल्लो चैतबाटै आयोजनाबाट विद्युत् उत्पादन सुरु गर्नुपर्ने हो। तर, निर्धारित समयमा ५० प्रतिशत मात्र काम पूरा भएपछि म्याद थप गरिएको हो।

पावरहाउस, टनेल, पेनस्टक ट्यांक, र कन्ट्रोल रुम निर्माणको काम अन्तिम चरणमा पुगेको हो। तीन महिनाभित्र पूर्ण रूपमा पावरहाउस निर्माण सम्पन्न हुने सुब्बाको भनाइ छ। जेठ महिनाभित्र आयोजनाको मेसिन जडान गरिसक्ने बताइएको हो। भूकम्प, नाकाबन्दी र सुरुवाती चरणमा स्थानीयको अवरोधका कारण आयोजना निर्माणमा ढिलाइ भएको आयोजना पक्षले जनाएको हो। 'अहिले कुनै पक्षबाट अवरोध छैन', सुब्बा भन्छन्, 'आयोजना निर्माणका लागि आवश्यक सम्पूर्ण सामग्री र जनशक्ति हामीसँग भएकाले चार महिनभित्र आयोजनाले पूर्णता पाउँछ।'

निर्माण कार्यमा ढिलाई भएपछि लागत बढ्ने अनुमान गरिएको छ। तीन अर्ब ६६ करोडको लागतमा सम्पूर्ण काम सक्ने लक्ष्य राखे पनि निर्माण ढिलाइका कारण चार अर्बको लागतमा काम सम्पन्न हुने बताइको छ। ३० प्रतिशत व्यक्तिगत लगानी र ७० प्रतिशत प्राइम बैंक काठमाडौंको ऋण लगानीमा आयोजना निर्माण गरिएको हो।

आयोजनाको सुरुङ निर्माण र इन्टेक निर्माणको काम अन्तिम चरणमा पुगेको छ। पावरहाउस निर्माणलगायत काम पनि अन्तिम चरणमा छ। आयोजना सञ्चालनका लागि जम्मा ५४ सय मिटर सुरुङ निर्माण गर्न लागिएको हो। 'सुरुङ निर्माणको कामले पूर्णता पाउनै लागेको छ', सुब्बाले भने, 'मेकानिकल काम पनि धमाधम भइरहेको छ।' फिदिम नगरपालिकास्थित नागिनको ज्यामिरे खेतदेखि नागिनकै फेमे खोलाको ओडारे खेतसम्म १३ सय मिटरको सुरुङ खन्ने काम सकिएको छ। फिदिमस्थित चमेर

खोल्साबाट चार हजार मिटरको सुरुङ खन्ने काम अन्तिम चरणमा पुगेको हो। त्यस्तै फिदिमकै सारन्ताको खर्कबारी खोल्सामा पानी पु¥याएर पावरहाउस निर्माण गरिएको हो।

अन्नपुर्ण पोष्ट, २०७२/११/३०

# स्थानीयलाई रघुगंगामा लगानी अवसर

*गोपाल छन्त्याल*

लामो समयदेखि रोकिएको ४० मेगावाट क्षमताको रघुगंगा जलविद्युत् आयोजना निर्माण अघि बढ्ने भएको छ। निर्माण जिम्मा पाएको भारतीय ठेकेदार कम्पनी आईभीआरसीएल आर्थिक संकटमा परेपछि अलपत्र बनेको आयोजनालाई नेपाल विद्युत् प्राधिकरणले कम्पनी लिमिटेड संरचनामा रूपान्तरण र टेन्डरमार्फत पुनः नयाँ ठेकेदार छनोट गरेसँगै निर्माण कार्य अघि बढ्ने भएको हो।

अहिले निर्माणको ठेक्का जयप्रकाश एसोसिएट्सले पाएको छ। एसोसिएट्स र प्राधिकरणबीच गत मंसिर ७ गते आगामी ४५ महिनाभित्र सम्पन्न गर्ने गरी निर्माण सम्झौता भइसकेको छ। ठेकेदार कार्यक्षेत्रमा खटिनुअघि भारतीय एक्जिम बैंकले स्वीकृति दिनुपर्ने भएकाले उक्त प्रक्रिया जारी रहेको रघुगंगा हाइड्रो लिमिटेडका प्रशासकीय अधिकृत काशीनाथ दाहालले जानकारी दिए।

‘ठेकेदारले बैंकबाट स्वीकृति पाउने क्रममा छ, बैंकको स्वीकृतिपत्रका आधारमा हामीले उसलाई कार्यक्षेत्रमा खटाउने हो’, अधिकृत दाहालले भने, ‘नयाँ संरचनाअनुसार अब स्थानीयलाई पनि यसमा लगानी गर्ने बाटो खुलेको छ।’ २०७१ सालमा सम्पन्न गर्ने उद्देश्यका साथ २०६७ सालदेखि निर्माण सुरु भएको रघुगंगाको काम १० प्रतिशत मात्रै सम्पन्न भएको छ। आईभीआरसीएलले सात वर्षमा आयोजनाको बाँधस्थलसम्म पुग्ने सडकको ट्र्याक, आवास गृहका भवन र २५ मिटर सुरुङ खन्ने मात्र काम गरेको छ। बाँधस्थल, विद्युत् गृह र चार किलोमिटरभन्दा बढी सुरुङ खन्ने काम भने सुरु भएकै छैन। दग्नाम र झिँ वडाको सिमानामा बाँध रहने आयोजनाको पानी सुरुङमार्गमार्फत ल्याएर पिप्ले घुमाउने तालनजिकै विद्युत् गृहमा ल्याएर बिजुली उत्पादन गर्ने योजना छ।

२०६७ सालमा ३२ मेगावाट उत्पादन गर्ने गरी काम अघि बढाइए पनि अहिले भने आठ बढाएर ४० मेगावाट पु¥याइएको छ। ‘यो आयोजनाको सम्भाव्यता सन् १९९८ मा गरिएको थियो। यसलाई पुनः अद्यावधिक गरेर ३२ बाट ४० बनाइएको हो’, अधिकृत दाहालले भने। प्राधिकरणले कम्पनी मोडेलमार्फत आयोजना अघि बढाउने र स्थानीयलाई लगानीको अवसर सिर्जना गर्ने निर्णय स्वागतयोग्य रहेको प्रभावित क्षेत्रका स्थानीय एवं रघुगंगा गाउँपालिका–३ पिप्लेका वडाध्यक्ष जीवन मल्लले बताए। ‘हामीले आयोजना अघि बढाउन जस्तोसुकै सहयोग गर्न तयार छौं। विभिन्न बहानामा अब काम रोकिनुभएन’, उनले भने, ‘हामीले लगानी पनि गर्न पाउने भएपछि यसले सकारात्मक सन्देश प्रवाह गरेको छ।’ आयोजनामा एक्जिम बैंकले करिब ६ अर्ब रुपैयाँ लगानी गर्नेछ।

यसका लागि नेपाल सरकार र भारत सरकारबीच यसअघि नै सम्झौता भएको हो। रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले तीन वडाका सर्वसाधारणले प्राथमिकताका आधारमा लगानी गर्न पाउने बताए। ‘यस विषयमा आयोजना र हामीबीच धेरै चरणमा कुराकानी भइसकेको छ। पहिला देखिएका समस्या पनि हल हुँदै गएका छन्’, उनले भने, ‘समग्र जिल्लाको आर्थिक समृद्धिसँग जोडिएको यो आयोजना बढ्नुको विकल्प छैन।’

रघुगंगाबाट उत्पादित विद्युत् सरकारले अहिले निर्माण गरिरहेको २२० केभीए कालीगण्डकी करिडोर प्रसारण लाइनअन्तर्गत दाना–खुर्कोट सबस्टेसनमा जोडिनेछ। रघुगंगालगायत कालीगण्डकी करिडोर क्षेत्रका करिब तीन सय मेगावाट सरकारी तथा निजीक्षेत्रका जलविद्युत् आयोजनाका लागि दाना र खुर्कोट सबस्टेसन र प्रसारण लाइनको काम तीव्र बनेको छ।

१२खरी  ड्टकम्,  २०७२/१२/०१

# रसुवागढी र साञ्जेनको इपिओमा ६ गुणा बढी आवेदन

रसुवागढी र साञ्जेन जलविद्युत् आयोजनाको सीमित साधारण शेयर (आइपिओ) मा छ गुणा बढी आवेदन परेको छ ।

कम्पनीले गत फागुन ११ देखि ३० गतेसम्म सीमित आइपिओ बिक्री गरेको थियो । रसुवागढी जलविद्युत् कम्पनीका प्रमुख माधव कोइरालाका अनुसार कूल रु छ अर्ब ६२ करोड आठ लाख बराबरको आवेदन परेको छ । एक लाख ८६ हजार ३२४ जनाले आवेदन गरेको जानकारी प्राप्त भएको प्रमुख कोइरालाले बताए ।

उनले भने, “केही बैंक तथा वित्तीय संस्थाले अझै विवरण बुझाउन बाँकी रहेको भन्ने जानकारी आएको छ । केही संख्या अझै बढ्न सक्छ ।”

कम्पनीले रु एक अर्ब ६४ करोड बराबरको साधारण शेयर निष्काशन गरेको थियो । त्यसमध्ये कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताका लागि रु एक अर्ब ३३ करोड ४२ लाख हजार बराबरको एक करोड ३३ लाख ४२ हजार ९५ कित्ता शेयर छुट्याइएको थियो ।

कम्पनीका संस्थापक संस्थाका लागि भने यही चैत ५ देखि १३ गतेसम्म आवेदन दिने व्यवस्था मिलाइएको छ । कम्पनीको संस्थापक संस्थामा नेपाल विद्युत् प्राधिकरण, चिलिमे जलविद्युत् कम्पनी र रसुवा जिल्लाका साविक गाउँ विकास समिति र जिल्ला विकास समितिका कर्मचारीलाई रु २३ करोड ९४ लाख ७३ हजार ५०० बराबरको २३ लाख ९४ हजार ७३५ कित्ता शेयर बिक्री गर्नेछ ।

रसुवागढीको शेयरमा कोषका करिब आठ लाख ६८ हजार ३९५ सञ्चयकर्ताले आवेदन दिन पाउने व्यवस्था थियो । जति संख्यामा आवेदन पर्ने अपेक्षा गरिएको थियो त्योअनुसार सञ्चयकर्ताले भने आवेदन नदिएको बताइएको छ । रसुवागढीको सीमित आइपिओमा सञ्चयकर्तालाई न्यूनतम ५० कित्ता र अधिकतम ५०० कित्तासम्म आवेदन दिन पाउने व्यवस्था गरिएको थियो ।

आयोजनाका प्रमुख कोइरालाले भने सिआश्वा प्रणाली लागू भएका कारण धेरै सञ्चयकर्ताले आवेदन दिन नपाए पनि उल्लेख्य आवेदन परेको जानकारी दिए । रसुवामा आयोजनास्थल रहेको रसुवागढी जलविद्युत् आयोजना १११ मेगावाट क्षमताको हो ।

यस्तै साञ्जेन जलविद्युत् कम्पनीको रु चार अर्ब १७ करोड २२ लाख ५३ बराबरको आवेदन परेको छ । कम्पनीका प्रमुख किरण श्रेष्ठका अनुसार एक लाख ८३ हजार २३५ जनाले आवेदन दिएका छन् ।

कम्पनीले सञ्चयकर्ताका लागि रु ७१ करोड १७ लाख ५० हजार बराबरको ७१ लाख १७ हजार ५०० कित्ता शेयर छुट्याएको थियो । सञ्चयकर्ताले न्यूनतम ५० कित्ता र अधिकतम ३०० कित्तासम्म आवेदन दिन पाउने व्यवस्था गरिएको थियो ।

कम्पनीले रसुवामा १४ दशमलव ८ मेगावाट क्षमताको माथिल्लो साञ्जेन र ४२ दशमलव ५ मेगावाट क्षमताको साञ्जेन आयोजना निर्माण गरिरहेको छ । सो कम्पनीको शेयरमा सात लाख २९ हजार ७६१ सञ्चयकर्ताले आवेदन दिन पाउने व्यवस्था थियो ।

कम्पनीको संस्थापक शेयरधनी संस्थाका कर्मचारीलाई रु १२ करोड ७७ लाख ५० हजार बराबरको शेयर छुट्याइएको प्रमुख श्रेष्ठले जानकारी दिए । संस्थापक संस्थाका कर्मचारीले न्यूनतम ५० कित्ता अधिकतम ३०० कित्तासम्म आवेदन दिन सक्नेछन् ।

सञ्चय कोषका कर्मचारीले न्यूनतम ५० कित्ता र अधिकतम एक हजार कित्तासम्म शेयरमा आवेदन दिन सक्ने छन् । उनीहरुका लागि रु ३ करोड ६५ लाख बराबरको शेयर छुट्याइएको छ । संस्थापक संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीले यही चैत ५ देखि १३ गतेसम्म आवेदन दिन पाउने व्यवस्था गरिएको छ । दुवै कम्पनी चिलिमे जलविद्युत् कम्पनीका सहायक कम्पनी हुन् ।

हालसम्म माथिल्लो साञ्जेनको ६८ प्रतिशत र साञ्जेनको ५८ प्रतिशत काम सकिएको छ । माथिल्लो साञ्जेनबाट अप्रिल २०१९ बाट विद्युत् उत्पादनको लक्ष्य राखिएको छ । यस्तै रसुवागढी जलविद्युत् आयोजना सन् २०१८ को डिसेम्बरमा निर्माण सक्ने लक्ष्य राखिएको छ ।

*– रमेश लम्साल (रासस)*

१२खरी डट्कम्, २०७२/१२/०१

# तामाकोसी सेयर वितरणविरुद्ध आन्दोलन

बहुचर्चित माथिल्लो तामाकोसी जलविद्युत आयोजनाको सेयर वितरण मोडालिटीविरुद्ध दोलखाका राजनितिक दलले चरणबद्ध आन्दोलनको घोषणा गरेका छन् । सेयर वितरण मोडालिटी सच्याउनुपर्ने माग राख्दै उनीहरूले पाँचदिने चेतावनीसहित चरणबद्ध आन्दोलनको घोषणा गरेका हुन् ।

माथिल्लो तामाकोशी सेयर सरोकार संघर्ष समितिले आज चरिकोटमा आयोजना गरेको पत्रकार सम्मेलनमा सो अवधिमा माग पूरा नभए आन्दोलनमा उत्रने चेतावनी दिएको हो ।

यसअघि संघर्ष समितिले माथिल्लो तामाकोशीको शेयर वितरणको विषयलाई लिएर सातबुँदे मागपत्र प्रस्तुत गर्दै १० दिनको चेतावनी दिएको थियो ।

पत्रकार सम्मेलनमा नेपाली कांग्रेसका नेता बर्मा लामाले दोस्रो पटक दिएको अल्टिमेटम अवधिभित्र पनि माग सुनुवाई नभए आन्दोलनमा उत्रने बताए ।

संघर्ष समितिले प्रेस विज्ञप्ति जारी गर्दै माग पूरा नभए चैत १० गतेदेखि माथिल्लो तामाकोशी आयोजना र आयोजनासँग सम्बन्धित ठेकेदार कम्पनी र परामर्शदाता कम्पनीका सवारी साधनलाई जिल्ला प्रवेशमा निषेध गर्ने जनाएको छ ।

नेकपा मालेका पोलिटब्युरो सदस्य रेशमराज रिमालले सेयर दलाल र आयोजनाबाटै दोलखाली जनतालाई अन्याय हुनेगरी शेयर निष्कासनको तयारी भएको बताएका छन् ।

समितिले यसअघि दोलखावासीका लागि छुट्याइएको १० प्रतिशत शेयर वितरण गर्नुपूर्व शेयर वितरण मोडालिटी सच्याएर मात्र शेयर बाँडफाँड गर्नुपर्नेसहित सातबुँदे माग अघि सारेको थियो ।

समितिले शेयरको अधिकतम र न्युनतम मुल्यलाई तीन देखि ३० हजारबाट घटाएर तीनदेखि १० हजार कायम गर्न, जिल्लावासीलाई वितरण गरेर बाँकी रहने शेष शेयरको सम्बन्धमा ग्यारेन्टी गर्न र आयोजनाको मुख्य प्रभावितमध्येको गौरीशंकर गाउँपालिका–९ मा तत्काल सडक पुर्याउनुपर्ने माग गरेको छ ।

माथिल्लो तामाकोशी आयोजनाले धितोपत्र बोर्डबाट स्वीकृति लिएर यही चैत महिनाभित्र शेयर निष्कासनको तयारी गरिरहेको छ । आयोजनाको प्रवद्र्धक कम्पनी अपर तामाकोशी हाइड्रोपावर कम्पनीले दोलखावासीका लागि रु एक अर्ब पाँच करोडको शेयर निष्कासन गर्न लागेका बेला दोलखामा विवाद र आन्दोलन सुरु भएको हो । रासस

१२खरी डट्कम्, २०७२/१२/०१

# ४० मेगावाटको सुपर न्यादी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापनको सम्झौतापत्रमा हस्ताक्षर

लमजुङमा बन्न लागेको ४० मेगावाट क्षमताको सुपर न्यादी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापनको सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

उक्त सम्झौतापत्रमा सिउरी न्यादी पावर लिमिटेडका तर्फबाट कम्पनीका अध्यक्ष शैलेन्द्र गुरागाइँ र एनएमबी बैंकको अगुवाईमा प्रभु बैंक, मेगा बैंक, सेन्चुरी बैंक, एनसीसी बैंक र कुमारी बैंकका प्रतिनिधिबीच हस्ताक्षर भएको छ ।

उक्त आयोजनाको जम्मा प्रस्तावित लगानी ७ अर्बमध्ये बैंकहरुकातर्फबाट ७५ प्रतिशत र कम्पनीका तर्फबाट २५ प्रतिशत रहने गरी वित्तिय व्यवस्थापन गरिएको छ ।

संस्थापक प्रवद्र्धकको रुपमा ङादी ग्रुप पावर लिमिटेड लगायतका कम्पनीको लगानी रहनेछ । उक्त आयोजनाबाट उत्पादन हुने विद्युत खरिद बिक्री सम्झौता पीपीए नेपाल विद्युत प्राधिकरण र कम्पनीबीच पनि सम्पन्न भएको छ ।

नेपाल समाचारपत्र, २०७२/१२/०१

# रसुवागढी र साञ्जेन जलविद्युत आयोजनाको सीमित साधारण शेयरमा छ गुणा बढीको आवेदन

रसुवागढी र साञ्जेन जलविद्युत् आयोजनाको सीमित साधारण शेयर (आइपिओ) मा ६ गुणा बढी आवेदन परेको छ । दुबै कम्पनीले कर्मचारी सञ्चयकोषका लगानीकर्ताले आवेदन गर्न पाउने गरि फागुन ११ देखि ३० गतेसम्म सीमित आइपिओ बिक्री गरेका थिए ।

रसुवागढी जलविद्युत् कम्पनीमा कूल ६ अर्ब ६२ करोड आठ लाख बराबरको आवेदन परेको छ । १ लाख ८६ हजार ३२४ जनाले आवेदन गरेको कम्पनीका प्रमुख माधव कोइरालाले जानकारी दिएका छन् । कम्पनीले एक अर्ब ६४ करोड रुपैयाँ बराबरको साधारण शेयर निष्काशन गरेको थियो । त्यसमध्ये कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताका लागि एक अर्ब ३३ करोड ४२ लाख हजार बराबरको एक करोड ३३ लाख ४२ हजार ९५ कित्ता शेयर छुट्याइएको थियो ।

कम्पनीका संस्थापक संस्थाका लागि भने यही चैत ५ देखि १३ गतेसम्म आवेदन दिने व्यवस्था मिलाइएको छ । कम्पनीको संस्थापक संस्थामा नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी र रसुवा जिल्लाका साविक गाउँ विकास समिति र जिल्ला विकास समितिका कर्मचारीलाई रु २३ करोड ९४ लाख ७३ हजार ५०० बराबरको २३ लाख ९४ हजार ७३५ कित्ता शेयर बिक्री गर्नेछ ।

रसुवागढीको सेयरमा कोषका करिब आठ लाख ६८ हजार ३९५ सञ्चयकर्ताले आवेदन दिन पाउने व्यवस्था थियो । जति संख्यामा आवेदन पर्ने अपेक्षा गरिएको थियो त्यसअनुसार सञ्चयकर्ताले भने आवेदन नदिएको बताइएको छ । रसुवागढीको सीमित आइपिओमा सञ्चयकर्तालाई न्यूनतम ५० कित्ता र अधिकतम ५०० कित्तासम्म आवेदन दिन पाउने व्यवस्था गरिएको थियो ।

साञ्जेन जलविद्युत् कम्पनी को चार अर्ब १७ करोड २२ लाख ५३ बराबरको आवेदन परेको छ । कम्पनीका प्रमुख किरण श्रेष्ठका अनुसार एक लाख ८३ हजार २३५ जनाले आवेदन दिएका छन् ।

कम्पनीले सञ्चयकर्ताका लागि ७१ करोड १७ लाख ५० हजार रुपैयाँ बराबरको ७१ लाख १७ हजार ५०० कित्ता शेयर छुट्याएको थियो । सञ्चयकर्ताले न्यूनतम ५० कित्ता र अधिकतम ३०० कित्तासम्म आवेदन दिन पाउने व्यवस्था गरिएको थियो ।

कम्पनीले रसुवामा १४ दशमलव ८ मेगावाट क्षमताको माथिल्लो साञ्जेन र ४२ दशमलव ५ मेगावाट क्षमताको साञ्जेन आयोजना निर्माण गरिरहेको छ । सो कम्पनीको सेयरमा सात लाख २९ हजार ७६१ सञ्चयकर्ताले आवेदन दिन पाउने व्यवस्था थियो ।

कम्पनीको संस्थापक शेयरधनी संस्थाका कर्मचारीलाई १२ करोड ७७ लाख ५० हजार बराबरको शेयर छुट्याइएको प्रमुख श्रेष्ठले जानकारी दिए । संस्थापक संस्थाका कर्मचारीले न्यूनतम ५० कित्ता अधिकतम ३०० कित्तासम्म आवेदन दिन सक्नेछन् ।

सञ्चय कोषका कर्मचारीले न्यूनतम ५० कित्ता र अधिकतम एक हजार कित्तासम्म शेयरमा आवेदन दिन सक्नेछन् । उनीहरुका लागि ३ करोड ६५ लाख बराबरको शेयर छुट्याइएको छ । संस्थापक संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीले यही चैत ५ देखि १३ गतेसम्म आवेदन दिन पाउने व्यवस्था गरिएको छ । दुवै कम्पनी चिलिमे जलविद्युत कम्पनीका सहायक कम्पनी हुन् ।
हालसम्म माथिल्लो साञ्जेनको ६८ प्रतिशत र साञ्जेनको ५८ प्रतिशत काम सकिएको छ । माथिल्लो साञ्जेनबाट अप्रिल २०१९ बाट विद्युत् उत्पादनको लक्ष्य राखिएको छ । यस्तै रसुवागढी जलविद्युत् आयोजना सन् २०१८ को डिसेम्बरमा निर्माण सक्ने लक्ष्य राखिएको छ ।

कारोबार, २०७२/१२/०१

# ४० मेगावाटको न्यादीलाई लगानी जुट्यो

लमजुङमा निर्माणाधीन ४०.२७ मेगावाटको सुपर न्यादी जलविद्युत् आयोजनालाई लगानी जुटेको छ ।

सिउरी न्यादी पावर लिमिटेडद्वारा प्रवद्र्धित सो आयोजनाका लागि एनएमबी बैंकको नेतृत्वमा ६ बैंकले ऋण लगानी गर्ने सम्झौतासँगै वित्तीय व्यवस्थापन भएको हो । आयोजनामा एनएमबी बैंकसहित प्रभु, मेगा, सेन्चुरी, एनसीसी र कुमारी बैंक लिमिटेडले ५ अर्ब २५ करोड लगानी गर्ने सम्झौता भएको छ । बुधबार काठमाडौँमा आयोजित कार्यक्रममा कम्पनीका अध्यक्ष शैलेन्द्र गुरागाईं र बैंकका प्रतिनिधिबीच हस्ताक्षर भएको छ ।

७ अर्ब कुल लागत रहेको आयोजनामा ७५ प्रतिशत अर्थात् ५ अर्ब २५ एनएमबी बंैकले लगानी गरेको कम्पनीका अध्यक्ष गुरागाईंले जानकारी दिए । सम्झौता कार्यक्रममा प्रदेश–४ का मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले आफ्नो प्रदेशमा बन्ने आयोजनामा प्रदेश सरकारले विशेष सहयोग गर्ने बताए ।

१ अर्ब ७५ करोड स्वपुँजी लगानी रहेको आयोजनाको गत जेठ १९ मा नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पीपीए) भइसकेको छ । लगानीको जोहो भएपछि निर्माण सुरु गरिने कम्पनीका अध्यक्ष गुरागाईंले बताए । २०७७ सालभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाबाट २३५.७६ गिगावाट घन्टा विद्युत् उत्पादन हुने आयोजनाले जनाएको छ ।

अभियान, २०७२/१२/०१

# रघुगंगा जलविद्युतमा स्थानीयलाई लगानीको ढोका खुल्यो

*ध्रुवसागर शर्मा*

म्याग्दीमा निर्माणाधिन रघुगंगा जलविद्युत आयोजनामा स्थानीयलाई पनि लगानीका लागि बाटो खुलेको छ ।

लामो समयदेखि रोकिएको ४० मेगावाट क्षमताको रघुगंगा जलविद्युत् आयोजनालाई नेपाल विद्युत् प्राधिकरणले कम्पनी लिमिटेड संरचनामा रूपान्तरण र टेन्डरमार्फत पुनः नयाँ ठेकेदार छनोट गरेसँगै निर्माण कार्य अघि बढ्ने भएपछि स्थानीयलाई पनि लगानीका लागि बाटो खुला भएको हो ।

निर्माण जिम्मा पाएको भारतीय ठेकेदार कम्पनी आईभीआरसीएल आर्थिक सङ्कटमा परेपछि अलपत्र बनेको आयोजना पुनः ठेक्का टेण्डरमार्फत अहिले निर्माणको ठेक्का जयप्रकाश एशोसिएट्सले पाएको छ ।

एशोसिएट्स र प्राधिकरणबीच आगामी ४५ महीनाभित्र सम्पन्न गर्ने गरी निर्माण सम्झौता भइसकेको छ ।

ठेकेदार कार्यक्षेत्रमा खटिनुअघि भारतीय एक्जिम बैङ्कले स्वीकृति दिनुपर्ने भएकाले उक्त प्रक्रिया जारी रहेको रघुगंगा हाइड्रो लिमिटेडका प्रशासकीय अधिकृत काशीनाथ दाहालले जानकारी दिए ।

'ठेकेदारले बैङ्कबाट स्वीकृति पाउने क्रममा छ, बैङ्कको स्वीकृतिपत्रका आधारमा हामीले उसलाई कार्यक्षेत्रमा खटाउने हो', अधिकृत दाहालले भने, 'नयाँ संरचनाअनुसार अब स्थानीयलाई पनि यसमा लगानी गर्ने बाटो खुलेको छ ।'

२०७१ सालमा सम्पन्न गर्ने उद्देश्यका साथ २०६७ सालदेखि निर्माण शुरु भएको रघुगंगाको काम १० प्रतिशत मात्रै सम्पन्न भएको छ । आईभीआरसीएलले सात वर्षमा आयोजनाको बाँधस्थलसम्म पुग्ने सडकको ट्र्याक, आवास गृहका भवन र २५ मिटर सुरुङ खन्ने मात्र काम गरेको छ । बाँधस्थल, विद्युत् गृह र चार किलोमिटरभन्दा बढी सुरुङ खन्ने काम भने शुरु भएकै छैन । दग्नाम र झिँ वडाको सिमानामा बाँध रहने आयोजनाको पानी सुरुङमार्गमार्फत ल्याएर पिप्ले घुमाउने ताल नजिकै विद्युत् गृहमा ल्याएर बिजुली उत्पादन गर्ने योजना छ । आयोजनामा एक्जिम बैङ्कले करीब ६ अर्ब रुपैयाँ लगानी गर्नेछ ।

२०६७ सालमा ३२ मेगावाट उत्पादन गर्ने गरी काम अघि बढाइए पनि अहिले भने बढाएर ४० मेगावाट पुर्‍याइएको छ । 'यो आयोजनाको सम्भाव्यता सन् १९९८ मा गरिएको थियो । यसलाई पुनः अद्यावधिक गरेर ३२ बाट ४० बनाइएको हो', अधिकृत दाहालले भने । प्राधिकरणले कम्पनी मोडेलमार्फत आयोजना अघि बढाउने र स्थानीयलाई लगानीको अवसर सिर्जना गर्ने निर्णय स्वागतयोग्य रहेको प्रभावित क्षेत्रका स्थानीय एवम् रघुगंगा गाउँपालिका–३ पिप्लेका वडाध्यक्ष जीवन मल्लले बताए । 'हामीले आयोजना अघि बढाउन जस्तोसुकै सहयोग गर्न तयार छौँ । विभिन्न बहानामा अब काम रोकिनुभएन', उनले भने, 'हामीले लगानी पनि गर्न पाउने भएपछि यसले सकारात्मक सन्देश प्रवाह गरेको छ ।'

रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले तीन वडाका सर्वसाधारणले प्राथामिकताका आधारमा लगानी गर्न पाउने बताए । 'यस विषयमा आयोजना र हामीबीच धेरै चरणमा कुराकानी

भइसकेको छ । पहिला देखिएका समस्या पनि हल हुँदै गएका छन्’, उनले भने, ‘समग्र जिल्लाको आर्थिक समृद्धिसँग जोडिएको यो आयोजना बढ्नुको विकल्प छैन ।’

रघुगंगाबाट उत्पादिन विद्युत् सरकारले अहिले निर्माण गरिरहेको २२० केभीए कालीगण्डकी करिडोर प्रसारण लाइनअन्तर्गत दाना–खुर्कोट सबस्टेसनमा जोडिनेछ । रघुगंगालगायत कालीगण्डकी करिडोर क्षेत्रका करीब तीन सय मेगावाट सरकारी तथा निजीक्षेत्रका जलविद्युत् आयोजनाका लागि दाना र खुर्कोट सबस्टेसन र प्रसारण लाइनको काम तीव्र बनेको छ ।

कारोबार, २०७२/१२/०२

# तामाकोसीको सेयरमा फेरि अवरोधको संकेत

स्वदेशी लगानीको बहुचर्चित माथिल्लो तामाकोसीको जलविद्युत् आयोजना प्रभावितका लागि दोस्रो पटक सेयर आह्वानको तयारी भइरहेका बेला फेरि अवरोधको संकेत देखिएको छ । स्थानीयले विभेदपूर्ण तवरले सेयर वितरणको तयारी भइरहेको भन्दै आन्दोलनको घोषणा गरेपछि अवरोध हुने देखिएको हो । अपर तामाकोसी सेयर सरोकार संयुक्त संघर्ष समितिको नामबाट बिहीबार आन्दोलनको कार्यक्रम घोषणा भएको छ ।

स्थानीयलाई निष्कासन गर्न लागिएको सेयर क र ख २ वर्गमामात्र वितरण गर्नुपर्ने, न्यूनतम् ३ हजारदेखि १० हजारसम्म लगानी गर्न पाउनुपर्ने, वडास्तरमा सेयर संकलन केन्द्र राख्नुपर्ने लगायतका माग राखी संघर्षको कार्यक्रम घोषणा गरेको संयोजक बर्मा लामाले बताए । संघर्षका कार्यक्रमअनुसार चैत १ गते कार्यक्रमको जानकारी दिने, चैत ५ गते चरिकोट सातदोबाटोमा १ घण्टा दिउँसो चक्का जाम गर्ने, ६ गते जिल्ला समन्वय समितिको कार्यालयमा धर्ना दिने र चैत १० गते आयोजनासँग सम्बन्धित सवारी साधान रोक लगाउने लगायतका कार्यक्रम घोषणा भएको छ ।

स्थानीयका लागि दोस्रो पटक सेयर निष्कासनको अन्तिम तयारीमा जुटेको अपर तामाकोसी हाइड्रोपावर कम्पनीलाई स्थानीयको आन्दोलनको कारण ठेस पुगेको छ । धितोपत्र बोर्डबाट स्वीकृत पाएलगत्तै सेयर निष्कासनका लागि कम्पनीको सेयर निष्कासनकर्ता नागरिक लगानी कोष र सनराइज क्यापिटल पनि तयारी अवस्थामा छन् ।

संघर्ष समितिले एक साता अघि ७ बुँदे ज्ञापन पत्रको बारेमा स्मरण समेत गराएको छ । ज्ञापन पत्रको बारेमा बेवास्ता गरेकाले थप संघर्षको कार्यक्रम घोषणा गर्नु परेको संयोजक लामाले बताए । अपर तामाकोसी हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत विज्ञानप्रसाद श्रेष्ठले ज्ञापन पत्र र संघर्षको कार्यक्रम बारे औपचारीक रुपमा जानकारी नभए तापनि सामाजिक सञ्चालमार्फत आफूले जानकारी पाएको बताए ।

स्थानीयवासी पनि अपर तामाकोसीको सेयरको व्यग्र प्रतिक्षामा छन् । तर जब सेयर निष्कासन प्रक्रिया सुरु हुन्छ तब विभिन्न आन्दोलनका कार्यक्रमहरू पनि सुरु हुन्छ । एकहप्ता अघिमात्र नेपाली काँग्रेसका नेता वर्मा लामाको नेतृत्वमा संघर्ष समिति बनाएर सेयर वितरणमा गरिएको वर्गीकरण खारेज गरी सबैलाई क र ख वर्गमा विभाजन गर्न माग प्रमुख जिल्ला अधिकारी र जिल्ला समन्वय समितिलाई ज्ञापन पत्र बुझाएका थिए ।

संघर्ष समितिले ३ वर्षअघि नै भएको व्यवस्थालाई नै कार्यान्वयन गर्न माग गरेको छ । उनीहरूले आयोजनाका सम्पूर्ण संरचना बनेको लामाबगर र गौरीशंकरलाई अति प्रभावित क वर्गमा राखी बाँकी दोलखाबासीलाई ख वर्गमा राख्न माग गरेको छ । जुन माग ३ वर्ष अघि नै भएको व्यवस्था हो ।

स्थानीयकै मागका आधारमा आयोजनाको जिल्ला समन्वय समितिले एक वर्ष अघि कार्यदल बनाएर दोलखा जिल्लाबासीलाई ३ वर्गमा विभाजित गरी सेयर वितरण गर्ने निर्णय गरेको थियो । स्थानीय तहका जनप्रतिनिधिहरू निर्वाचित भएपछि गरेको निर्णय अनुसार आयोजना स्थल रहेको लामाबगर र गौरीशंकर साविकको गाविसलाई क वर्गमा, प्रसारण लाइन र प्रवेशमार्गले छोएका गाविस र नगरपालिकाका वडालाई ख वर्ग र बाँकी जिल्लाबासीलाई ग वर्गमा राख्ने निर्णय गरेको थियो । तर यो निर्णयपछि कोही कसैले विरोध गरेको थिएन ।

सेयर निष्कासनपछि विभिन्न मितिमा स्थानीयका नाममा विभिन्न स्थानमा फरक फरक समूह र राजनैतिक पार्टीहरू समेत लागेर आन्दोलन गरेका छन् । २०७१ सालमा फागुन १५ गतेबाट सेयर संकलनको तयारी पूरा भएको थियो । आन्दोलनकै कारण १५ दिन पछि धकेलिएर चैत १ गतेबाट सुरु गर्ने भने तापनि आयोजनाका मजदुरहरूको

१८ दिने आयोजनाको काम समेत ठप्प गरी गरेको आन्दोलन, सिंगटी लगायतका क्षेत्रका स्थानीयको आन्दोलनले सेयर संकलन स्थगित भएको हो ।

सेयर निष्कासन पछि धकेलिने

सेयर निष्कासन नहुँदै आन्दोलनका कार्यक्रम घोषणा भएकाले स्थानीयका लागि सेयर निष्कासन केही समेत धकेलिने भएको छ । धितोपत्र बोर्डले नै सबै प्रक्रिया पूरा भएपछि मात्र सेयर निष्कासनको अनुमति दिने भएकाले यसअघि आन्दोलनको विषयमा टुंगो लगाएरमात्र सेयर जारी गर्नुपर्ने भएको छ ।

अपर तामाकोसी हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले सेयर नै जारी नभई आन्दोलन गर्नुपर्ने कारणै नभएको बताए । "स्थानीयको नाममा वितरण हुने सेयरका लागि वर्ग छुट्याउने काम पनि जिल्लास्तरीय समन्वय समितिले गरेको हो," उनले भने, "अहिले स्थानीय निर्वाचित सरकार छ, पुनः सवैसँग समन्वय गरेर एउटा निश्कर्षमा पुगेर मात्र सेयर जारी गर्छौं ।" सेयरकै विषयलाई लिएर आयोजनाको काममै अवरोध कसैले पनि गर्न् नहुने उनले बताए ।

यसअघि पनि २०७१ सालमा सेयर निष्कासनको विषयलाई लिएर एक दर्जनजति विज्ञप्तीसहितका आन्दोलन घोषणा भएको थिए । ति सबैको माग सम्बोधन गर्न नसक्दा आयोजनाको पटक–पटक गरी डेढ महिना बढी समय आयोजनाका मजदुरले नै काम रोके । सिंगटीबासीले सडक नै अवरुद्ध गरे ।

स्थानीयको सेयर संकलन नगरी सर्वसाधारणको १५ प्रतिशत सेयर संकलन गर्न पाइँदैन । सर्वसाधारण १५ प्रतिशत र जिल्लाबासीको १० प्रतिशत गरी २५ प्रतिशत सेयर संकलन गर्नु पर्छ । त्यसवापत २ अरब ६४ करोड हुन्छ । सेयर संकलन ढिला हुँदा आयोजनालाई मासिक २ करोड ६४ लाख व्याज भुक्तानी गर्नु पर्छ । आयोजनाको हालसम्म ४० अरब खर्च भइसकेको छ । स्थानीय र सर्वसाधारणको सेयर संकलन नभए आयोजनाका लागि भुक्तानीमै समस्या हुने देखिन्छ । आयोजनाको हालसम्म ९५ प्रतिशत काम पूरा भएको छ ।

*दिलबहादुर केसी*

अभियान, २०७२/१२/०२

## प्रभावितलाई अपर माईको शेयर

इलामको माबु र सुलुबुङमा निर्माण सम्पन्न अपर माई हाइड्रोको प्रवर्द्धक संस्था पञ्चकन्या माई हाइड्रो पावर कम्पनीले स्थानीयलाई विक्री गरेको आईपीओ बाँडफाँट गरेको छ । कम्पनीले इलामका आयोजना प्रभावित स्थानीयलाई विक्री गरेको ११ लाख कित्ता आईपीओ बाँडफाँट गरेको हो ।

कम्पनीले माघ ५ देखि २३ गतेसम्म इलामको सन्दकपुर गाउँपालिकाका बासिन्दालाई ६ लाख ६० हजार कित्ता र इलाम नगरपालिकाका बासिन्दालाई ४ लाख ४० हजार कित्ता आईपीओ विक्री गरेको थियो । सन्दकपुरका २० देखि १ सय ३० कित्ता माग गर्ने सम्पूर्ण स्थानीयले मागबमोजिम नै आईपीओ पाएका छन् । १ सय ४० देखि ५ हजार ५ सय कित्ता शेयर माग गर्ने ३ हजार २ सय ६९ आवेदकमध्ये २ हजार ३ सय ८२ जनालाई १ सय ४० कित्ता र बाँकीलाई १ सय ३० कित्ता शेयर बाँडफाँट गरिएको कम्पनीले जानकारी दिएको छ ।

इलाम नगरपालिकाका २० देखि ५० कित्ता माग गर्ने सबैलाई मागबमोजिम, ६० देखि ५ हजार ५ सय कित्ता माग गर्ने ६ हजार १ सय ३७ आवेदकमध्ये ६ सय २४ जनालाई ६० र बाँकीलाई ५० कित्ता शेयर बाँडफाँट गरिएको छ । आईपीओ विक्री प्रबन्धक सनराइज क्यापिटल र नबिल इन्भेष्टमेन्ट बैङ्किङ रहेका छन् । पञ्चकन्या माईको अधिकृत पुँजी १ अर्ब ९५ करोड रुपैयाँ र जारी पूँजी १ अर्ब १० करोड रुपैयाँ छ । पहिलो चरणमा जारी पूँजीको १० प्रतिशत आईपीओ स्थानीयलाई विक्री गरेसकेकाले अब सर्वसाधारणका लागि १० प्रतिशत नै आईपीओ जारी हुने कम्पनीले बताएको छ ।

कान्तिपुर, २०७२/१२/०२

# कालीगण्डकी करिडोरमा प्रसारण लाइन बन्दै

कालीगण्डकी करिडोरमा जलविद्युत् आयोजना जोड्न सबस्टेसन र प्रसारणलाइन निर्माणले तीव्रता पाएको छ ।म्याग्दीको अन्नपूर्ण ३ को दानादेखि पर्वतको कुस्मा नगरपालिकाको खुर्कोट हुँदै नवलपरासीको बर्दघाटसम्म १ सय ४२ किमि लम्बाइको २२०, १३२, ३३ र ११ केभीए कालीगण्डकी करिडोर प्रसारणलाइनमध्ये पहिलो चरणमा दाना–खुर्कोट ४२ किमि खण्डमा सबस्टेसन र लाइनका टावर धमाधम निर्माण भइरहेका छन् । कालीगण्डकी करिडोर प्रसारणलाइन आयोजनाका अनुसार दाना–खुर्कोट खण्डमा १ सय १० वटा टावर राख्न आवश्यक जग्गाको व्यवस्थापनसँगै निर्माण कार्य सुरु भएको छ । आयोजना प्रमुख चन्दन घोषका अनुसार जलविद्युत्को ५० प्रतिशत काम सम्पन्न भइसकेको छ । 'समय सीमाभित्रै पूरा गर्ने गरी काम भइरहेको छ,' उनले भने, 'ठूलो कुनै अवरोध आएन भने हामीले छिट्टै काम पूरा गर्छौं ।'

कालीगण्डकी करिडोरका सबै जलाधार क्षेत्रमा निर्माणाधीन आयोजनाहरूको उत्पादन थाल्ने मितिभित्र लाइन जोड्न मिल्ने गरी सबस्टेसन र प्रसारण लाइन तयार हुने उनले बताए । टावर राखिने कुनै पनि ठाउँमा हालसम्म अवरोध नरहेको उनले जनाए । मुस्ताङ र म्याग्दीका जलविद्युत् आयोजना समेट्न कालीगण्डकी करिडोर, म्याग्दीखोला जलाधार क्षेत्र समेट्न म्याग्दीखोला करिडोर, पर्वतको मोदीखोला जलाधारका आयोजना र बागलुङ्का आयोजनाबाट उत्पादित बिजुली पर्वतको खुर्कोट सबस्टेसनमा जोडेपछि खुर्कोट–बर्दघाट खण्डको प्रसारण लाइनबाट लैजाने प्राधिकरणको योजना छ ।

प्राधिकरणले दाना र खुर्कोट २२०, १३२, ३३ र ११ केभीए कालीगण्डकी करिडोर प्रसारण लाइन र सबस्टेसन निर्माण गर्न भारतीय कम्पनी टाटा र चिनियाँ कम्पनी चिन्टको संयुक्त टाटा–चिन्ट जेभी ठेकदार कम्पनीलाई २ अर्ब ९० करोडमा ठेक्का दिएको छ । आयोजना र ठेकदारबीच सन् २०१८ नोभेम्बरमा निर्माण सम्पन्न गर्ने गरी ३० मे २०१६ मा सम्झौता भएको हो ।

कालीगण्डकी करिडोरको दाना सबस्टेसनमा जोड्ने भनिएको मुस्ताङको १० मेगावाटको थापाखोला जलविद्युत् आफ्नो बिजुली राष्ट्रिय प्रसारणमा पठाउन नपाएर अलपत्र छ । कालीगण्डकी प्रसारण लाइनमा जोड्ने भनिएको अर्को ५ मेगावाटको घलेम्दीको निर्माण अन्तिम चरणमा छ । ४२ मेगावाटको मिस्त्रीखोला जलविद्युत् आयोजनाको निर्माण ५० प्रतिशत पुगेको छ । त्यसैगरी कालीगण्डकी करिडोरको दाना सबस्टेसनमा जोड्ने गरी ३२ मेगावाटको राहुघाट, १४ मेगावाटको घारखोला, ६४ मेगावाटको कालीगण्डकी अपर, १४६ को कालीगण्डकी गर्ज, ३८ मेगावाटको नीलगिरि, मुस्ताङमा निर्माणाधीन २.४० को ताङछर खोला र ४५० मेगावाटको कोबाङ–कालीगण्डकी आयोजनाबाट उत्पादन हुने विद्युत्लाई जोड्ने योजना छ ।